सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० कात्तिक २०८१, शनिबार (26 Oct 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १९२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



स्क्रिनमा बालबालिकाको अत्यधिक समय

निम्त्याउँछ शारीरिकदेखि एन्जाइटी र डिप्रेसनसम्मका समस्या

यस्ता देखिन्छन् लक्षण

- रिसाउने, झर्किने, अटेरी वा झगडा गर्नेजस्ता परिवर्तन
- यस्तो लत बसेका बालबालिका स्क्रिनबाट टाढा हुँदा रुने, छटपटाउने, चुपचाप बस्न नसक्ने, आत्तिने खालको व्यवहार देखाउँछन् ।
- सानै उमेरमा स्क्रिनमा धेरै समय बढी बिताउने बालबालिकाको शरीरमा पनि असर देखा पर्न सक्छ । खासगरी आँखा सुक्खा हुँदै जाने, दृष्टिमा समस्या देखिने र कम उमेरमै चस्मा लागाउनुपर्ने समस्या हुन सक्छ ।
- यसबाहेक कतिपयमा निद्रामा समस्या देखिने, पेट दुख्ने वा खाना नपच्ने, मांसपेशी दुख्नेजस्ता लक्षण पनि देखिन सक्छन् ।



बालबालिकामा कसरी हटाउने स्क्रिनको लत ?



डा. अमित झा
मनोचिकित्सक

मोबाइल वा स्क्रिनको लत एकैचोटि लाग्दैन । के कारणले बच्चाले मोबाइलमा धेरै समय बिताउन थालेको छ भन्ने कुरा अभिभावकले ख्याल राख्नुपर्ने हुन्छ । कतिपय अवस्थामा परिवार वा विद्यालयको वातावरण छल्नसमेत बालबालिकाले मोबाइल, टिभी बढी प्रयोग गर्न थाल्छन्, जुन बिस्तारै लतमा परिणत हुँदै जान्छ । र, व्यावहारिक समस्या देखिन थालेपछि यो लत एकैचोटि हटाउन सकिँदैन । अचेल कतिपयले पुनर्स्थापना केन्द्रमा समेत पठाउन थालेका छन् । तर, केही समयपछि पुनः सोही अवस्थामा फर्किने हुन्छन् । तसर्थ, काउन्सिलिङ र थेरापीबाटै ठिक गर्न सकिन्छ ।

बालबालिकामा व्यवहारमा परिवर्तनका लक्षण देखिन थालेमा सुरुवातमै यस्तो समस्या के कारणले भइरहेका छन् भन्ने छुट्याउनुपर्छ । अत्यधिक स्क्रिनको प्रयोगका कारण एन्जाइटी वा डिप्रेसन भएमा काउन्सिलिङ र औषधि प्रयोगमा ल्याउनुपर्ने हुन्छ । तर, यस्ता समस्याको उपचार थेरापी र आवश्यक परामर्श नै प्रमुख हो । स्क्रिनको अत्यधिक प्रयोग र यसको लत एकैचोटि निम्तिने समस्या होइन । एक वा दुई वर्षसम्म निरन्तर स्क्रिनको प्रयोग र समय बढ्दै जाँदा लत लाग्ने वा स्क्रिन हेरेकै कारण स्वास्थ्य समस्या देखिन थाल्ने हुन्छ । त्यसैले बालबालिकालाई निश्चित समयसम्म मात्रै मोबाइल चलाउन दिनुपर्छ । सिकाइ वा सञ्चारका लागि अत्यावश्यक अवस्थामा बाहेक ६ वर्षमुनिका बालबालिकालाई सकेसम्म मोबाइल चलाउन दिनुहुँदैन । अभिभावकको निगरानीमा निश्चित समय मात्रै इन्टरनेट वा स्क्रिनको प्रयोग गर्न दिने हो भने लत वा अन्य मानसिक समस्याबाट बालबालिकालाई टाढा राख्न सकिन्छ । बालबालिकाले अधिकांश अभिभावकको सिको गर्ने भएकाले सुरक्षित वातावरण बनाउन परिवारमा अरूले समेत स्क्रिन समय घटाउनुपर्छ ।

मन्जु टेलर / नयाँ पत्रिका

गत वैशाखमा पाटन मानसिक अस्पतालको ओपिडीमा अभिभावकले १६ वर्षका एकजना किशोरलाई जचाउन ल्याए । विद्यालय जान छाडेर दैनिक करिब १८ घण्टासम्म मोबाइल मात्रै चलाएर बस्न थालेपछि अभिभावकले उनलाई काउन्सिलिङका लागि अस्पताल ल्याएका थिए । तर, बोलाउँदा नबोल्ने, झर्किने, रिसाउने, आमाबुबासँग झगडा गर्ने, सामानहरू फुटाइदिनेजस्ता व्यवहार बढ्दै गएको र शरीरको तौलसमेत बढिरहेको थाहा पाएपछि चिकित्सकले एक महिना पूर्ण निगरानीमा काउन्सिलिङ गर्ने निधो गरे ।

काउन्सिलिङका क्रममा उनलाई विद्यालयमा बुलिङ हुने गरेकाले सुरुवातमा स्कुल जान छाडेको पत्ता लाग्यो । बिस्तारै आक्रामक कन्टेन्ट भएका गेममा लत बसेपछि उनले दिनभरि मोबाइलमै समय बिताउन थालेका थिए । अभिभावकले मोबाइल नचलाउनु भनेमा रिसाउने र चिच्याउने व्यवहार देखाउन थालेपछि उनलाई उपचारको आवश्यकता भएको भन्दै अस्पताल ल्याएका थिए ।

हप्तामा दुई दिन ओपिडीमा काउन्सिलिङपछि एक महिनामा उनले मोबाइलमा बिताउने समय १८ घण्टाबाट १६ मा झऱ्यो । त्यसपछि

» पृष्ठ २ मा क्रमशः

दैनिक आठदेखि नौ घण्टासम्म मोबाइलमा बिताउँछन् बालबालिका

सामान्यतया नेपालमा बालबालिकाले कति समय स्क्रिनको प्रयोग गरिरहेका छन् भन्ने कुनै अध्ययन वा सर्वेक्षण भएका छैनन् । तर, विभिन्न अन्तर्राष्ट्रिय अध्ययनले दैनिक २४ घण्टाभित्र आठदेखि नौ घण्टासम्म बालबालिकाले स्क्रिनको प्रयोग गरिरहेको देखाएका छन्, जसलाई शारीरिक र मानसिक स्वास्थ्यका लागि निकै जोखिमपूर्ण मानिएको छ ।

स्क्रिनको लत लागेका बालबालिकामा सामान्यतया व्यवहारतः समस्यादेखि एन्जाइटी र डिप्रेसनसम्मका मानसिक समस्या देखिन थालेको चिकित्सकहरू बताउँछन् । अत्यधिक समय ग्याजेटमा बिताउने बालबालिकामा विशेषतः ध्यान केन्द्रित गर्न नसक्ने, आँखा जुधाएर कुरा गर्न नसक्ने, कम बोल्ने वा बोल्दैनबोल्ने, रिसाउने, झर्किनेजस्ता व्यावहारिक समस्या देखिने गरेको बाल तथा किशोरकिशोरीसम्बन्धी मनोचिकित्सक डा. अमित झाले बताए । 'त्यस्ता बालबालिका केही कुरामा ध्यान केन्द्रित गर्ने नसक्ने हुन्छन् । यसबाहेक इन्टरनेटमा देखेका हरेक कुरा सत्य ठान्ने वा विश्वास गर्ने र सामान्य दैनिकीसमेत इन्टरनेटमा देखिएजस्तै हुनुपर्छ भन्ने सोच्न थाल्छन् । यसका साथै एकैचोटि आउने धेरै सूचना र जानकारी वा घटनालाई उनीहरूले व्यवस्थित गरेर सोच्न सक्दैनन्, जसकारण तनावको वातावरण बन्दै जान्छ,' उनले भने ।

बच्चाहरू राम्रोसँग बोल्ने वा सामाजिक सीप विकास भइरहेका छैनन् भने ६ वर्षमुनिका बालबालिकामा स्क्रिनको लत रहेको हुन सक्ने उनको भनाइ छ । मोबाइलमा मनोरञ्जन मात्रै हुने भएकाले धेरै समय बिताउँदा उनीहरूले उमेरसँगै सिक्नुपर्ने सीपहरू जस्तै, बोल्ने, कुराकानी गर्ने, आँखा जुधाउने वा प्रतिक्रिया देखाउनेजस्ता क्रियाकलापमा निष्क्रिय हुन थाल्छन् ।

२७ हजारमा डेंगु संक्रमण देखिएपछि सरकारको लार्भा नष्ट अभियान

संक्रमण भयावह भएपछि बल्ल प्रधानमन्त्रीको चासो



डेंगु नियन्त्रणमा सरकारले ढिलो चासो देखायो

- डा. शेरबहादुर पुन, सरुवारोग विशेषज्ञ



डेंगु नियन्त्रणमा सरकारले ढिलो चासो देखायो । डेंगु नियन्त्रणमा पहिलेदेखि तथा मनसुन सुरु हुनुअघि नै चासो दिएको भए यो हदसम्म फैलने थिएन । सरकार र नागरिकस्तरबाट सम्भावित लार्भा भएको ठाउँमा औषधि छर्कने र पानी जम्न नदिने र सरसफाइका काम गरेको भए भयावह अवस्था आउने थिएन, तर सरकारले वेलैमा ध्यान दिएन ।

डेंगु नियन्त्रणमा यसअघि अधिसारेका रणनीति र कार्यनीति कमजोर भए

- डा. प्रकाश बुढाथोकी, प्रवक्ता, स्वास्थ्य मन्त्रालय



यसअघिका रणनीति र कार्यनीति प्रभावकारी भएनन् । डेंगु झन्-झन् फैलियो । त्यसकारण मन्त्रिपरिषद्बाट नै निर्णय गरेर काम गर्न मन्त्रालयले ध्यानाकर्षण गरायो । अब प्रभावकारी रूपमा डेंगु नियन्त्रणमा काम गर्नुपर्छ ।



प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा भनेका छन्-

लामखुट्टेबाट सर्ने-फैलिने डेंगु रोग नेपालका केही जिल्लाहरूमा अहिलेसम्म पनि कायमै छ, यसलाई रोकथाम गर्न लामखुट्टेलाई टोक्न नदिनु र लामखुट्टेका प्रजननस्थलहरू पानी जमेका ठाउँहरू नष्ट गर्नु जरुरी हुन्छ । यसपल्ट पनि हामी त्यही गर्न लागेका छौं । हरेक शुक्रबार बिहान १० बजे हामी सबै नागरिक समाज, कर्मचारी, सेना-प्रहरी सबैलाई यस अभियानमा जुट्न म हार्दिक आग्रह गर्दछु । यसो गरेर मात्रै हामी निरोगी नेपाल, स्वस्थ नेपाल निर्माण गर्न सक्छौं ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

डेंगु संक्रमण भयावह बनेपछि बल्ल सरकारले चासो देखाएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले हरेक शुक्रबार बिहान १० बजे डेंगु नियन्त्रणका लागि लार्भा नष्ट अभियान थाल्ने निर्णय गरेको छ । त्यसमा राज्यका सबै संयन्त्र परिचालन हुने भनिएको छ । प्रधानमन्त्री केपी ओलीले पनि शुक्रबार सामाजिक सञ्जालमा भिडियो तथा स्टाटस पोस्ट गर्दै हरेक शुक्रबार बिहान १० बजे लामखुट्टे र लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने अभियानमा लाग्न आग्रह गरेका छन् ।

- हिमालमा पनि उक्लियो डेंगु
- दुई सातापछि लामखुट्टे कम हुने प्रक्षेपण

प्रधानमन्त्री ओलीले भनेका छन्, 'लामखुट्टेबाट सर्ने-फैलिने डेंगु रोग नेपालका केही जिल्लाहरूमा अहिलेसम्म पनि कायमै छ, यसलाई रोकथाम गर्नको लागि लामखुट्टेलाई टोक्न

» पृष्ठ २ मा क्रमशः

उपनिर्वाचनमा खर्चको सीमा

५० हजारदेखि साढे सात लाखसम्म

- महानगर प्रमुख र उपप्रमुख : ७ लाख ५० हजार
- उपमहानगर प्रमुख र उपप्रमुख : ५ लाख ५० हजार
- नगरपालिका प्रमुख तथा उपप्रमुख : ४ लाख ५० हजार
- गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष : ३ लाख ५० हजार
- जिसस प्रमुख तथा उपप्रमुख : ५० हजार रुपैयाँसम्म
- महानगर वडाध्यक्ष : ३ लाख
- उपमहानगरपालिका वडाध्यक्ष : २ लाख ५० हजार
- नगरपालिका वडाध्यक्ष : २ लाख
- गाउँपालिका वडाध्यक्ष : १ लाख ५० हजार



केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

निर्वाचन आयोगले १६ मंसिरमा तय भएको स्थानीय तह उपनिर्वाचनमा उम्मेदवारको खर्चको सीमा निर्धारण गरेको छ । बुधबार बसेको आयोगको बैठकले पदअनुसार ५० हजारदेखि सात लाख ५० हजारसम्मको खर्चको सीमा तोकेको हो ।

उपनिर्वाचनका लागि स्थानीय तह निर्वाचन ऐनको दफा ६४ तथा स्थानीय तह निर्वाचन नियमावलीको ४० बमोजिम उम्मेदवारको खर्च गर्न पाउने सीमा निर्धारण भएको प्रवक्ता नारायणप्रसाद सापकोटाले बताए । मनोनयनपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणा भएको अवधिसम्म सीमाअनुसारको खर्च गर्न

» पृष्ठ २ मा क्रमशः

झन् नयाँ

डिजिटल प्लेटफर्ममा हस्तकला व्यवसाय




वार्षिक १० अर्बको हस्तकलाका सामग्री विदेश निर्यात भइरहेको छ भने ११ लाख मानिस रोजगार छन्



के तपाईं 'ब्रेन-चिप'को लागि तयार हुनुहुन्छ ?

ब्रेन चिपले तपाईंको मस्तिष्कलाई नै परिवर्तन गरिदिनेछ



बक्यौता नतिर्ने उद्योगीका अन्य उद्योग र घरको लाइनसमेत काट्ने तयारी

जिबी टेक्सटाइल-१ र जिबी टेक्सटाइल-२, रोल्पा सिमेन्ट, सम्राट सिमेन्ट, शुभश्री अग्नि सिमेन्ट, नेसनल रबर इन्डस्ट्रिज, नारायण रबर उद्योग र एजी हेल्थ इन्डस्ट्रिजले बक्यौताको किस्ता बुझाउन सुरु गरेका छन्

विस्तृत पृष्ठ ७

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

रोजगारीमा भारत जानेको लर्कोले रित्तिँदै बैतडीका गाउँ

बैतडीमा लोकेश साउद

दशरथचन्द नगरपालिका- ४ तिरगाउँका ३३ वर्षीय मनोज तिरुवा दक्ष कामदार हुन् । डकर्मी काम गर्दै आएका उनले प्रतिदिन खाना खाएर ११ सय रुपैयाँसम्म कमाउँथे । छरछिमेक र नजिकका बजारमा घर निर्माणदेखि काठ मिस्त्रीको काम गर्थे । मजदुरी गरेरै उनले सदरमुकामको चक्रपथमा चारकोठे पक्की घर बनाएका थिए । तर, अघिल्लो मंगलबार साँझ त्यही चारकोठे पक्की घरमा उनले ताला ठोके । श्रीमती र तीन छोरासहित झोलाभिम्टी बोकेर शाहिलेक बजार हिँडे । त्यहाँबाट गाडी चढेर तिरुवा परिवारले २४० किलोमिटर टाढा कञ्चनपुरको महेन्द्रनगरसम्मको रात्रिकालीन यात्रा तय गऱ्यो । रोजगारीका लागि हिँडेको यो परिवारले गड्डाचौकी नाका भएर ४२ घण्टासम्मको यात्रा गरी २ हजार २६० किलोमिटरको दूरी पार गरेर भारतको बेंग्लोर पुग्नेछ ।

सदरमुकाम बैतडीबाट रोजगारीका लागि भारतको बेंग्लोर हिँड्ने मनोजको एक्लो परिवार मात्र होइन, छिमेकी मोते तिरुवा श्रीमती र एक छोरासहितै हिँडे । घरमा भएका गाईवस्तु सबै बेचेर चार कोठाको घरमा ताला ठोकेर मोते परिवारले पनि मनोजकै पाइला पछ्यायो । यो गाउँबाट सात परिवारका ३१ जनाले एकसाथ गाउँ छाडेको स्थानीय

» पृष्ठ २ मा क्रमशः





सपरिवार भारत जाने क्रम बढेपछि दशरथचन्द नगरपालिका- ४ तिरगाउँमा अधिकांश घरमा ताला लागेका छन् । परिवारसहित भारत पस्दै गरेका नेपालीको लर्को धनगढीको त्रिनगर नाकामा ।

रास्वपाले थाल्यो राजधानीकेन्द्रित आन्दोलन



काठमाडौंको बबरमहलमा रास्वपाको प्रदर्शन । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

रास्वपाले सभापति रवि लामिछाने पक्राउको विरोधमा राजधानी काठमाडौं उपत्यकाकेन्द्रित आन्दोलन थालेको छ । जिल्ला अदालत कास्कीले बिहीबार मात्र दोस्रोपटक सात दिनका लागि म्याद थपेपछि रास्वपाले शुक्रबार माइतीघर मण्डलमा प्रदर्शन गरेको हो । 'राजनीतिक प्रतिशोधविरुद्धको ऐक्यबद्धताका लागि' ब्यानरमा सडकमा उत्रिएका नेता-कार्यकर्ताले 'सत्य कहिल्यै ढल्दैन, तानासाही चल्दैन', 'भ्रष्ट सरकार चाहिँदैन', 'वास्तविक सहकारी ठगलाई कारबाही गर', 'राजनीतिक प्रतिशोध बन्द गर', 'भ्रष्टाचारीलाई कारबाही गर', 'नेपाली जनता के भन्छ, विधिको शासन ल्याऊ भन्छ' लगायत नारा लगाएका थिए ।

उपनेता विराजभक्त श्रेष्ठको नेतृत्वमा सांसदहरू शिशिर खनाल, हरि ढकाल, अशोक चौधरीसहित रास्वपाका नेता-कार्यकर्ताले माइतीघरदेखि बानेश्वरसम्म नाराबाजीसहित र्‍याली निकालेका थिए । उपसभापति श्रेष्ठले काठमाडौंको आन्दोलन पोखराकै निरन्तरता भएको बताए । सरकारले राज्यको दुरुपयोग नगरोस् भनेर खबरदारी गराउन शान्तिपूर्ण प्रदर्शन गरिरहेको उनको भनाइ छ । 'न्यायपालिकाभित्र बन्दुकसहित प्रहरी दस्ता शक्ति पृथकीकरणको सिद्धान्तलाई उल्लंघन गरेको छ । ठाउँको ठाउँ निषेधाज्ञा जारी गरेर पानीको फोहरा हानेको छ । यसले प्रतिशोधको गन्ध आयो । त्यसैले सरकारलाई खबरदारी गरेको हो । न्यायपालिका त जतिसक्दो निष्पक्ष हुन्छ, के नतिजा आउँछ हामीले यही भनेको छैन । दुईतिहाइको सरकारसँग हाम्रो खबरदारी हो,' उनले भने ।

सांसद खनालले संसदीय समितिले सहकारीबाट पैसा लिएको प्रमाण नभेटिएको भनिसकेपछि सभापति लामिछानेलाई धरपकड गर्नु प्रतिशोध भएको बताए । 'कुनै प्रमाणविना ओली, देउवा, प्रचण्डलाई यदि समातेको भए कांग्रेस, एमाले, माओवादी चुप लागेर बस्थे, हामीजस्तो शान्तिपूर्ण आन्दोलन गर्थे ?' उनले प्रश्न गरे । सहकारी ठगी छानबिनसम्बन्धी गठित समितिका सदस्यसमेत रहेका खनालले वास्तविक सहकारीपीडित आफूहरूसँग रहेको र कांग्रेस-एमालेले घुसपैठ गरेर बिथोल्न खोजेको सूचना प्राप्त भएको उल्लेख गर्दै त्यसलाई प्रतिरोध गरिने बताए ।

सांसद हरि ढकालले सदन र सरकारमा राम्रो काम गरिरहेका वेला ३५ वर्षदेखि आफ्ना नजिकका र वरिपरिका कार्यकर्ताका लागि राज्यको ढुकुटीको दोहन गरिरहेका भ्रष्ट षड्यन्त्रकारीले सरकार ढालेको आरोप लगाए । 'सदनमा जनताका विविध विषयमा सशक्त अभियान चलायौँ । सरकारमा गएर थुप्रै सुधार गर्‍यौँ । अखाद्य वस्तु रोकिए, तस्करको भन्सारबाट भागाभाग भएको थियो । राजस्व र भन्सारका ग्राफ उक्लिएका थिए । सुशासनका लागि अभ्यास सुरु भएको थियो । मान्छेहरू पक्राउ पर्दै थिए,' उनले भने, 'अन्तिममा बेचैनी भयो सरकारलाई । जुन दिन बेचन झा पक्राउ परे । भोलिपल्ट सरकार ढालियो । षड्यन्त्रकारीले योजनाबद्ध षड्यन्त्र रचे ।

रास्वपा केन्द्रीय समितिको शुक्रबारको बैठकले प्रदर्शन जारी राख्ने निर्णय गरेको छ ।

सत्तापक्षले रास्वपाको प्रदर्शनको प्रतिवाद गर्ने

काठमाडौं/ कांग्रेस-एमालेसहित सत्तारूढ सात दलले भिड जम्मा बनाएर अनुसन्धान र अभियोजन प्रक्रिया प्रभावित पार्ने र न्यायालयमाथि दबाब खडा गर्न खोजेको आरोप लगाउँदै रास्वपाको प्रदर्शनको प्रतिवाद गरेका छन् । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शुक्रबार सम्पन्न संयुक्त बैठकले सहकारी ठगी प्रकरणमा पक्राउ परेका अध्यक्ष रवि लामिछानेको रिहाइ माग गर्दै रास्वपाले गरिरहेको प्रदर्शनलाई लक्षित गर्दै सातबुँदे संयुक्त वक्तव्यमार्फत प्रतिवाद गरेको हो । यसअघि कांग्रेस र एमालेले बुधबार र बिहीबार अलग-अलग वक्तव्य जारी गरेर प्रदर्शनको प्रतिवाद गरेका थिए ।

'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति, २०८१ ले तयार पारेको सर्वसम्मत प्रतिवेदनका आधारमा अनुसन्धान र कारबाहीको प्रक्रिया सुरु भएको छ । निर्दोष कोही नफसुन् र दोषी कोही नउम्किउन् भन्ने कुराको सुनिश्चितताका लागि अनुसन्धान, अभियोजन र न्याय निरूपणको प्रक्रियाका लागि सबै पक्षको सकारात्मक सहयोगको आवश्यकता पर्दछ,' वक्तव्यमा भनिएको छ, 'तर, पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधि सुरु भएका छन् । भिड जम्मा गरेर अनुसन्धानको प्रक्रियालाई प्रभावित गर्ने र न्यायालयमाथि दबाब दिने गतिविधि लोकतन्त्र र विधिको शासनविपरीत कुरा हो ।' सहकारीसम्बन्धी संसदीय छानबिन समितिका सबै सुझाव र निर्देशन सरकारले कार्यान्वयन गर्ने सात दलले प्रतिबद्धता जनाएका छन् ।

'सहकारी छानबिनको प्रक्रिया अगाडि बढिरहेका वेला अनुचित ढंगले प्रभावित पार्ने गरी कुनै प्रकारको गतिविधि नगर्न अनुरोध गरेका छौँ,' बैठकपछि एमाले महासचिव शंकर पोखरेलले भने, 'न्यायिक निरूपणको प्रक्रियालाई निर्दोष कोही नफस्ने र दोषी कोही उम्किन नसक्ने गरी निष्पक्ष र पारदर्शी तरिकाले छानबिन प्रक्रिया अगाडि बढिरहेको कुरामा आश्वस्त हुन आग्रह गरेका छौँ ।'

त्यस्तै, सुशासन र विकासको आकांक्षामाथि असर पार्ने गरी अवाञ्छित गतिविधिमार्फत सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य नहुने पनि वक्तव्यमा चेतावनी दिइएको छ । यद्यपि, त्यस्ता गतिविधि गर्ने पार्टी वा शक्ति को-को हुन् भन्ने कुरा वक्तव्यमा प्रस्ट्याइएको छैन ।

'६ दशक लामो राजनीतिक आन्दोलनबाट जनता सार्वभौमसत्तासम्पन्न भएको र नेपाली जनताबाट निर्वाचित जनप्रतिनिधिले आफ्नो संविधान आफैँ बनाएर कार्यान्वयन गरिरहेको अवस्थामा उत्पन्न समस्याको समाधान लोकतान्त्रिक विधि र प्रक्रियाबाट खोज्न सकिन्छ र खोज्नु पर्दछ भन्ने मान्यतामा हामी दृढ छौँ । सोहीअनुसार राजनीतिक स्थायित्वको आधार तयार गर्नका लागि सहमतिका आधारमा संवैधानिक, कानुनी र संरचनागत सुधारमा जोड दिँदै आएका छौँ,' वक्तव्यमा भनिएको छ, 'यस्तो अवस्थामा अराजकतालाई प्रोत्साहन गर्ने, राजनीतिक अस्थिरतालाई बल पुर्‍याउने तथा सुशासन र विकासको नेपाली जनताको आकांक्षालाई असर पुग्ने गरी विभिन्न नाम र स्वरूपमा हुने कुनै पनि प्रकारका अवाञ्छित गतिविधि उचित होइनन् । त्यसमाथि सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन ।'

लोकतन्त्रको विकल्प उन्नतस्तरको लोकतन्त्र र सरकारको विकल्प खोज्ने बाटो संसद् र निर्वाचन मात्रै भएको स्मरण गराउँदै वक्तव्यमा सचेत र सहज रहन ध्यानाकर्षण पनि गराइएको छ ।

नेचर हर्ब्सका सञ्चालक पक्राउ, मुख्य सल्लाहकार अनुसन्धानबाहिर

काठमाडौं/ सहकारीको पैसा गैरकानुनी रूपमा लगेर दुरुपयोग गरेको आरोपमा नेचर हर्ब्स प्रालि तथा गोर्खा ग्रुप अफ कम्पनीका सञ्चालक रामबहादुर खनाल पक्राउ परेका छन् । केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई शुक्रबार पानीपोखरीबाट पक्राउ गरेको हो । कम्पनीका अर्का हर्ताकर्ता रहेका वरिष्ठ अधिवक्ता बाबुराम कुँवर भने हाल राष्ट्रपति रामचन्द्र पौडेलको कानुनविज्ञका रूपमा कार्यरत छन् । सत्ता र प्रहरी नेतृत्वमा रहेको पहुँचका कारण उनीमाथि अनुसन्धान नै हुन सकेको छैन ।

तनहुँको भानु नगरपालिका- ८ घर भएका खनालले गितेन्द्रबाबु (जिबी) राईसँग मिलेर सो कम्पनी सञ्चालन गरेका थिए । जिल्ला अदालत, कास्कीले पक्राउ अनुमति जारी गरेपछि खनाल पक्राउ परेका हुन् । सो कम्पनीका पूर्वसञ्चालक छविलाल जोशी हाल थुनामै छन् भने मुख्य सञ्चालक राई फरार छन् ।

कुँवरले आफू सल्लाहकार मात्र भएको बताए पनि वरिष्ठ सल्लाहकारका रूपमा त्यसवेला हर्ताकर्ता नै रहेको त्यसवेलाका सञ्चालकले बताएका छन् भने नेचर हर्ब्सको फेसबुक पेजबाट पनि त्यो प्रस्ट हुन्छ । उनी कार्यरत रहेकै वेला विभिन्न सहकारीबाट ती कम्पनीमा अवैध रूपमा सहकारीको रकम भित्रिएको थियो ।

त्यसरी पैसा लगिएको कम्पनीमा त्यसवेला सञ्चालक रहेकै आधारमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने तथा पूर्वडिआइजी छविलाल जोशीलाई प्रहरीले हिरासतमा राखेको छ । उनीहरूमाथि प्रतिशोधपूर्वक पक्राउ गरिएको आरोप गृह मन्त्रालयमाथि लागेको छ ।

■ पाँच करोड ठगी गरी कम्बोडिया पुगेका आचार्य इन्टरपोलको सहयोगमा पक्राउ

शृंखलाबद्ध अपराधमा संलग्न एक युवकलाई प्रहरीले कम्बोडियाबाट पक्राउ गरी नेपाल ल्याएको छ । वैदेशिक रोजगारी ठगीलगायत मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका उदयपुर त्रियुगा नगरपालिका- १० का सुजन आचार्य पक्राउ परेका हुन् । इन्टरपोल र कम्बोडिया प्रहरीको समन्वयमा पक्राउ गरी उनलाई शुक्रबार नेपाल ल्याइएको प्रहरीले जनाएको छ ।

वैदेशिक रोजगारीमा सिंगापुर पठाइदिन्छु भनी ४० जनाभन्दा बढी व्यक्तिबाट पाँच करोड दुई लाख ९४ हजार ठगी गरेर आचार्य फरार थिए । प्रेमिका बिनु शाक्यसँग मिलेर उनले ठगी गरेको प्रहरीले जनाएको छ । गत १९ माघ ०८० मा प्रहरीको सिफारिसमा इन्टरपोलले रेड नोटिस जारी गरेको थियो ।

आचार्यविरुद्ध १३ जेठ ०७९ मा जिल्ला प्रहरी परिसर काठमाडौंमा विद्युतीय कारोबारसम्बन्धी कसुर र २५ वैशाख ०८० मा प्रहरी वृत्त महाराजगन्जमा ठगी तथा आपराधिक लाभसम्बन्धी कसुर मुद्दासमेत दर्ता भएको छ । १ असोजमै उनीहरू कम्बोडियामा पक्राउ परेका थिए । आचार्यलाई नेपाल ल्याइएको र शाक्यलाई पनि ल्याउने प्रक्रिया भइरहेको प्रहरीले जनाएको छ । यसअघि पनि ठगी, लुटपाटलगायत मुद्दामा पक्राउ परी आचार्य छुटेका थिए ।

२७ हजारमा...

पृष्ठ १ बाट क्रमशः

नदिनु र लामखुट्टेका प्रजननस्थलहरू पानी जमेका ठाउँहरू नष्ट गर्नु जरुरी हुन्छ । यसपल्ट पनि हामी त्यही गर्न लागेका छौँ । हरेक शुक्रबार बिहान १० बजे हामी सबै नागरिक समाज, कर्मचारी, सेना-प्रहरी सबैलाई यस अभियानमा जुट्न म हार्दिक आग्रह गर्दछु । यसो गरेर मात्रै हामी निरोगी नेपाल, स्वस्थ नेपाल निर्माण गर्न सक्छौँ ।' तर, सरकारले निकै ढिलो गरी लामखुट्टेका लार्भा नष्ट अभियान थालेको हो । यसबिचमा २७ हजार १५३ मा संक्रमण भइसकेको छ भने ११ जनाले ज्यान गुमाइसकेका छन् । स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पनि शुक्रबार नै अपिल गरेका छन् ।

वरिष्ठ सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले सरकारले मनसुन सुरु हुनुअघि नै डेंगु नियन्त्रणमा चासो देखाएको भए अहिलेको जस्तो भयावह अवस्था नआउने बताए । 'सरकारले ढिलो चासो देखायो, डेंगु नियन्त्रणमा पहिलेदेखि तथा मनसुन सुरु हुनअघि नै चासो दिएको भए यो हदसम्म फैलने थिएन,' उनले भने, 'सरकार र नागरिकस्तरबाट सम्भावित लार्भा भएको ठाउँमा औषधि छर्कने र पानी जम्न नदिने तथा सरसफाइका काम गरेको भए भयावह अवस्था आउने थिएन, तर सरकारले वेलैमा ध्यान दिएन ।' उनका अनुसार डेंगु फैलन नदिनका लागि मुख्य त लामखुट्टेको लार्भा नष्ट गर्नुपर्छ ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले डेंगु नियन्त्रणमा राज्यले अघि सारेका रणनीति र कार्यनीति कमजोर भएको स्विकारे । उनले यसअघिका रणनीति र कार्यनीतिले काम नगर्दा डेंगु संक्रमण फैलिएको बताए । यसअघिका कार्यक्रम प्रभावकारी नभएका कारण बिहीबारको मन्त्रिपरिषद् बैठकले डेंगु नियन्त्रणमा लाग्ने निर्णय गरेको डा. बुढाथोकीको भनाइ छ ।

जाडो यामसँगै लामखुट्टे र लामखुट्टेको टोकाइबाट हुने डेंगु संक्रमण दर पनि घट्दै जाने आकलन गरिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार लामखुट्टे फैलने र डेंगुका बिरामीको संख्या बढ्ने समय मुख्य त वैशाखको पहिलो सातादेखि कात्तिकको पहिलो सातासम्म हो । कात्तिक लागेसँगै राजधानीलगायत पहाडी जिल्लामा चिसो बढेको छ । चिसो बढेसँगै डेंगु संक्रमण पनि कम हुँदै जाने बताइन्छ । सरुवारोग विशेषज्ञ डा. पुनले चिसो बढेसँगै अब दुई सातापछि लामखुट्टेको टोकाइ धेरै कम हुने बताए ।

महाशाखाका अनुसार हुम्लामा पनि संक्रमित देखिएका छन् । २१ कात्तिकमा हुम्लाका ५४ वर्षीय गौरासिंह बोहरालाई डेंगु देखिएको थियो । बुधबारसम्मको तथ्यांकअनुसार हुम्लामा एकजनालाई मात्रै डेंगु देखिए पनि शनिबार प्रकाशन हुने नयाँ अद्यावधिक तथ्यांकमा भने थप व्यक्तिलाई पनि डेंगु भएको हुन सक्ने आशंका गरिएको छ । त्यस्तै, अन्य हिमाली जिल्लामा पनि थोरै संख्यामा डेंगु देखिएको महाशाखाले जनाएको छ ।

हाल देशका ७७ वटै जिल्लामा डेंगु संक्रमण फैलिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार कास्की, काठमाडौं, तनहुँ, पर्वत, चितवन, ललितपुर, गोरखा र बागलुङमा डेंगु बढी फैलिएको छ ।

रोजगारीमा भारत...

पृष्ठ १ बाट क्रमशः

प्रेम बोगटीले जानकारी दिए । 'एकाध घरमा अशक्त बुढापाकाबाहेक प्रायः सबैले घरमा ताला लगाएर थातथलो छोडे,' उनले भने, 'तिहारको मुखमा गाउँ छाडेर परदेश हिँड्नुपर्दा अधिकांश डाको छोडेर रुँदै बिदा भए ।'

सदरमुकामको तिरगाउँ मात्रै होइन, १२० किलोमिटर उत्तरपूर्वको पुरचौँडी नगरपालिका- ८ नयाँ बस्ती जोशीगाउँको अवस्था पनि उस्तै छ । ०६६ मा जोशीगाउँ माथिबाट पहिरो आएर बस्ती नै बगाएको थियो । त्यसपछि सार्वजनिक जमिनमा बस्दै आएका डेढ दर्जन परिवारमध्ये अधिकांशले आरनको काम गरेर जीविका चलाउँथे । कतिपयले गाउँघरमा काम गर्दा आएको ज्यालाबापतको अन्न तथा नगदले परिवार पाल्थे । स्थानीय ४९ वर्षीय केशव लुहारले जीवनका चार दशकभन्दा बढी समय गाउँमै बिताए । तर, पाँच वर्षअघि उनले स-परिवार गाउँ छाडे । ७० वर्ष टेक्न लागेकी आमासहित लुहारदम्पतीका दुई छोरा, दुई बुहारी र एक नाति तथा भाइ र उनका तीन छोराछोरी गरी १२ जनाको परिवार भारतको बैंग्लोरतिर लाग्यो । 'घरमा ताला लगाएर हिँडेका केशव त्यसपछि फर्किएका छैनन्,' वडाध्यक्ष वीरबहादुर बोहराले भने, 'चाडपर्वमा परिवारका एकाध सदस्य गाउँ आउँछन्, केही दिन बसेर फेरि उतै जान्छन् ।' वीरबहादुरका सौतेनी आमा र भाइ दसैंमा घर आएको र लगत्तै फर्किएको उनले सुनाए ।

जोशीगाउँका ४२ वर्षीय प्रेम लुहार श्रीमती र तीन छोराछोरीसहित केशवसँगै बैंग्लोर गएका थिए । उनीहरू हाल उतै छन । जोशीगाउँ नयाँबस्तीका ११ परिवारका ६५ जना रोजगारीका लागि भारतको बैंग्लोर सहरमा काम गर्न गएको वडाध्यक्ष बोहराले बताए । 'अहिले आठ परिवारका केही सदस्य मात्र गाउँमा छन्, ११ परिवारका ६५ जना बैंग्लोर गएका छन् । गाउँ नै रित्तिएको छ,' उनले भने ।

कृषिमा नयाँ यन्त्र तथा उपकरण भित्रिएर आरनको आवश्यकता कम हुँदै गएर आम्दानी घट्दा दलित समुदायबाट परिवार नै भारत जाने गरेको स्थानीय बताउँछन् । दलित मात्र होइन, जिल्लाका हरेक गाउँबाट आफ्नो खेतबारी नभएका र दैनिक ज्यालादारीमा काम गरेर परिवार चलाउनेहरू प्रायः भारत पसेका छन् । 'जसको जमिन छैन, उनीहरू घरै छाडेर सपरिवारै जाने गरेका छन्,' दुई दशकदेखि गैरसरकारी क्षेत्रमा काम गर्दै आएका भरत विष्टले भने, 'गाउँमा काम गर्न पनि पाइएन । निर्माणका काम ठप्प भएर रोजगारी छैन, भारत पस्नुको विकल्प नै छैन ।'

भारतको बैंग्लोर सहरमा पारिवारिक वातावरणमा काम गर्न सजिलो हुने र हावापानी राम्रो भएकाले नेपाली दक्ष कामदार लामो दूरी पार गरेर त्यहाँ पुग्ने गरेको देखिन्छ । बैंग्लोरमा मासिक ८-१० हजार भारुदेखि ३०-३५ हजारसम्म आम्दानी हुने पुरचौँडी नगरपालिका- २ का ध्वज धानुकले बताए । 'श्रीमान्ले सेक्युरिटी गार्डको काम गर्ने, श्रीमतीले घरेलु कामदारका रूपमा काम गरेर छोराछोरी यतै पढाउने बढी छन्,' प्रवासी नेपाली जनउत्थान समाज, भारत ट्रस्ट बैंग्लोरका महासचिवसमेत रहेका धानुकले भने, 'कतिपयले व्यापार, व्यवसायसमेत गरेर राम्रो कमाइ गरिरहेका छन् ।' उनका अनुसार सुरक्षागार्ड, गाडी धुने, घरेलु कामदार, ट्राभल एजेन्सी, सुपर मार्केटलगायत ठाउँमा नेपालीहरूले रोजगारी पाउँदै आएका छन् । कतिपयले होटेल, रेस्टुरेन्टदेखि विभिन्न व्यवसाय सञ्चालन गरेर घरसमेत किनेका छन् ।

निम्त्याउँछ...

पृष्ठ १ बाट क्रमशः

उनलाई अस्पताल भर्ना गरेर नियमित थेरापी र काउन्सिलिङ गरियो । करिब एक महिना अस्पताल बसाइपछि उनको मोबाइलमा बिताउने समय आठ घन्टामा झरेको थियो । उनी विगत दुई महिनादेखि फेरि स्कुल जान थालेका छन् । नियमित थेरापी र काउन्सिलिङसँगै उनले डिप्रेसनको समेत औषधि लिइरहेका छन् । नियमित काउन्सिलिङमा रहेका उनी बिस्तारै सामान्य अवस्थामा फर्किँदै छन् ।

यस्तै, पाटन मानसिक अस्पतालमै अर्का तीन वर्षीय बालकसमेत नियमित थेरापीमा छन् । एक वर्षको उमेरमा बोल्ने, प्रतिक्रिया जनाउने उनी बिस्तारै बोल्न छाडेपछि अटिजमको शंका गरेर अस्पताल ल्याइएको थियो । आमाबुवा दुवैजना काममा जाने भएकाले उनलाई एक वर्षको उमेरदेखि भुलाउन मोबाइल हेर्न दिन थालियो । घरमा बच्चा हेर्ने मान्छे नभएको समयमा कतिपय अवस्थामा दैनिक पाँच घण्टासम्म मोबाइलमा समय बित्न थालेको थियो । प्रतिक्रिया नजनाउने, आँखा जुधाएर कुरा गर्न नसक्नेजस्ता लक्षण देखिएपछि उनलाई अस्पताल ल्याइएको थियो । त्यसपछि चिकित्सकले मोबाइल र स्क्रिन पूर्ण रूपमा बन्द गरिदिए । अभिभावकले निरन्तर तीन महिनासम्म बच्चासँग खेल्ने, बाहिर घुमाउन लैजाने र एकजना अभिभावकसँगै बस्न थालेपछि बच्चा सामान्य अवस्थामा फर्किन थालेका छन् । हालसम्मै चिकित्सकको निगरानीमा आवश्यक थेरापीहरूसमेत भइरहेकाले बच्चाले बोल्न, प्रतिक्रिया जनाउन थालेको उनका अभिभावक बताउँछन् ।

यी दुई बालबालिका र किशोरकिशोरीमा अत्यधिक समय मोबाइल र अन्य ग्याजेट्समा बिताउँदा स्वास्थ्य समस्याका कारण अस्पतालसम्म पुगेका प्रतिनिधि घटना हुन् । तर, सानै उमेरमा मोबाइलमा मात्रै समय बित्न थालेपछि शारीरिक र मानसिक विकासमा समस्या मात्रै होईन, किशोरकिशोरीमा व्यावहारिक समस्या, एन्जाइटी र डिप्रेसनका समस्या देखिन पनि थालेका छन् ।

पाटन मानसिक अस्पतालमा उपचारका लागि पुग्ने प्रत्येक १० जना बालबालिकामा कम्तीमा सातदेखि आठजनामा अत्यधिक ग्याजेट्सको प्रयोगले कुनै न कुनै समस्या हुने गरेको चिकित्सकरूको भनाइ छ । कम्तीमा तीनजनामा अत्यधिक स्क्रिन वा ग्याजेट्सको प्रयोगले गम्भीर समस्या हुने गरेको बाल तथा किशोरकिशोरीसम्बन्धी मनोचिकित्सक डा. अमित झाले बताए । 'उपचारका लागि अस्पताल पुग्ने करिब २० देखि ३० प्रतिशत बालबालिकामा समस्याको मुख्य कारण नै अत्यधिक इन्टरनेट वा स्क्रिनको प्रयोग रहेको पाइन्छ । ती बालबालिकामा कराउने, रिसाउने, भनेको नमान्ने, विद्यालय जान छाड्नेजस्ता व्यवहार देखिन्छन् । किशोरावस्थाका बालबालिकामा यस्ता समस्या झन् जोखिमपूर्ण भएर आउँछन् । विभिन्न बहानामा स्कुल जान नमान्ने, रिसाएर मोबाइल वा टिभी फुटाउने, कुटपिट गर्नेजस्ता समस्या देखिन्छन् । यस्ता व्यवहार नियन्त्रणमा राख्न अभिभावकलाई समेत चुनौतीपूर्ण हुने गरेको छ,' उनले भने ।

कति समय उपयुक्त ?

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले बालबालिकालाई लामो समयसम्म मोबाइल वा ग्याजेट चलाउन दिँदा समस्या निम्तिरहेका भन्दै स्क्रिन टाइम कम गर्न सुझाव दिँदै आएको छ । डब्लुएचओले एक वर्षभन्दा कम उमेरको शिशुलाई स्क्रिन देखाउनै नहुने जनाएको छ । यसबाहेक १८ देखि २४ महिनासम्मका बालबालिकालाई एकदमै कम समय र सिकाइसँग सम्बन्धित भिडियोहरू मात्र देखाउन सुझाव दिएको छ । दुईदेखि पाँच वर्षका बालबालिकाका लागि शैक्षिक क्रियाकलापबाहेक बढीमा एक घण्टासम्म मात्रै हेर्न मिल्ने उसले जनाएको छ । र, ६ वर्षभन्दा माथिका बालबालिकाको हकमा निश्चित समय नछुट्याए पनि स्क्रिनको सट्टा अन्य क्रियाकलापमा बढी सहभागी गराउन, खाना खाने समय र घुम्न गएको समयमा स्क्रिन पूर्णतया बन्द गर्न, बच्चालाई भुलाउन वा रोएको बच्चालाई फकाउन स्क्रिनको प्रयोग नगर्न र सुत्नुभन्दा कम्तीमा आधादेखि एक घण्टाअघि स्क्रिनबाट टाढा राख्न अभिभावकलाई सुझाव दिएको छ ।

अत्यधिक समय स्क्रिन हेरेर बिताउने मान्छेहरूको संख्या बढ्न थालेसँगै शारीरिकसँगै मानसिक रोगको भारसमेत विश्वव्यापी रूपमा बढ्दै गएको पाटन मानसिक अस्पताल लगनखेलमा कार्यरत बाल तथा किशोरकिशोरीसम्बन्धी मनोचिकित्सक डा. सेरिना मोक्तान बताउँछिन् । 'डब्लुएचओको पछिल्लो एक तथ्यांकले हरेक वर्ष विश्वव्यापी रूपमा पाँच मिलियनभन्दा बढी मृत्युको कारण शारीरिक रूपमा सक्रिय नहुनुलाई मानेको छ । डब्लुएचओले सन् २०१९ मा प्रकाशित गरेको एक तथ्यांकले विश्वको २३ प्रतिशतभन्दा बढी वयस्क र ८० प्रतिशतभन्दा बढी किशोर पर्याप्त रूपमा शारीरिक रूपमा सक्रिय छैनन् । यसको मुख्य कारण मोबाइललगायतका ग्याजेटमा अत्यधिक समय बिताउनुलाई मानेको छ,' उनले भनिन् ।

५० हजारदेखि...

पृष्ठ १ बाट क्रमशः

पाउने गरी आयोगबाट निर्णय भएको हो । महानगरपालिका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले सात लाख ५० हजार, उपमहानगरपालिका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले पाँच लाख ५० हजार, नगरपालिका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले चार लाख ५० हजार र गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले तीन लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउनेछन् ।

त्यस्तै, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले ५० हजार मात्र खर्च गर्न पाउनेछन् । महानगरपालिका वडाध्यक्षले तीन लाख, उपमहानगरपालिका वडाध्यक्षले दुई लाख ५० हजार, नगरपालिका वडाअध्यक्षले दुई लाख र गाउँपालिका वडाध्यक्ष उम्मेदवारले एक लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न पाउनेछन् ।

निर्वाचन कार्यतालिकाअनुसार २ मंसिरमा मनोनयन दर्ता, ३ गते उम्मेदवारविरुद्ध उजुरी आह्वान, ५ गते उम्मेदवारी फिर्ता, अन्तिम नामावली प्रकाशन र निर्वाचन चिह्न प्रदान गरिनेछ । आयोगले उपनिर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय तोकिसकिएको जनाएको छ । मतदान सुरु हुनुभन्दा ४८ घण्टाअघि अर्थात् १३ मंसिर राति १२ बजेबाट मौन अवधि सुरु हुनेछ । निर्वाचन खर्चको विवरण परिणाम आएको ३० दिनभित्र आयोगमा पेस गर्नुपर्ने व्यवस्था छ ।

निर्वाचन हुने क्षेत्रमा मतदाता नामावली अद्यावधिक गर्न नागरिकता त्याग्नेको विवरण माग गरेर अद्यावधिक भइरहेको छ । उपनिर्वाचनमा आयोगले उम्मेदवारी मनोनयन गर्दा पालिकाका प्रमुख (प्रमुख/उपप्रमुख) एक पदमा पुरुष रहेका स्थानमा महिलालाई अनिवार्य उम्मेदवार बनाउनसमत राजनीतिक दलहरूलाई निर्देशन दिएको हो ।

उपनिर्वाचनका लागि तीन स्थान थपिए

यसअघि ३९ पदका लागि उपनिर्वाचन तय भए पनि तीन स्थान थपिएका छन् । रुकुम पूर्वको पुथा उत्तरगंगा गाँउपालिकाको उपाध्यक्ष र वडा नम्बर २ का अध्यक्ष तथा शुद्धोधन गाउँपालिका- १ को वडाध्यक्ष पदका लागि पनि उपनिर्वाचन हुन लागेको हो । पुथा उत्तरगंगाका उपाध्यक्ष भूपेन्द्र बुढामगर र वडाध्यक्ष जसबहादुर श्रीपालीको गत भदौमा बागलुङमा भएको जिप दुर्घटनामा ज्यान गएको थियो । दुवैजना माओवादीबाट निर्वाचित भएका थिए ।

त्यस्तै, कांग्रेसबाट निर्वाचित शुद्धोधन गाउँपालिका- १ का वडाध्यक्ष तिलकराम यादवको गत असोजमा मस्तिष्कको ट्युमरको उपचारका क्रममा नयाँदिल्लीमा निधन भएको थियो ।

जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३२ वडाध्यक्ष गरी ४२ पदमा निर्वाचन हुनेछ ।

०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा कांग्रेसले २५ स्थान, माओवादीले सात, एमालेले आठ, जसपाले एक र एक स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए ।

स्थानीय तह निर्वाचन ऐनअनुसार जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, पालिकाका प्रमुख र उपप्रमुख तथा वडाध्यक्षलगायतको पदावधि समाप्त नहुँदै रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचन हुन्छ । उपनिर्वाचनका लागि २५ दल दर्ता भएका छन् ।

महतोको दल दर्ताका निवेदन आयोगमा

गत फागुनमा लोसपा परित्याग गरेका राजेन्द्र महतोले नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् । नेता केशव झाका अनुसार शुक्रबार राष्ट्रिय मुक्ति पार्टी नेपाल नामक दलमा १७३ केन्द्रीय समिति रहने गरी दल दर्ताका लागि आयोगमा निवेदन दिइएको हो । पार्टीको चुनाव चिह्न माछा प्रस्ताव गरिएको छ । लोसपा परित्यागपछि महतोले केही समयदेखि राष्ट्रिय मुक्ति अभियान चलाउँदै आएका थिए ।

Smart Commercial Enterprises
Kathmandu Nepal

Maximum Retail Price

S.N	Codes	DESCRIPTION OF GOODS	MRP
1	CHCMADDOXACBL90	Capella Cooker Hood MADDOX AC IN 90 12003	27995.00
2	CHCTROYXLACFL76	CAPELLA COOKER HOOD TROY AC 75 1200M3	29995.00
3	CHCTROYXLACFL90	CAPELLA COOKER HOOD TROY SLIM AC 90 1200M3	31995.00
4	CH-CCARLOTTA75	Capella Cookerhood Carlotta BLDC 90 CA 1400 M3	43995.00
5	CHCCARLOTTA90	Capella Cookerhood Carlotta BLDC 76 AC 1400 M3	44995.00
6	CHCVERONICADCACB76	Capella Cooker Hood VERONICA BLDC 76 AC 1400	35995.00
7	CHCVERONICADCACB90	Capella Cooker Hood VERONICA BLDC 90 AC 1400	37995.00
8	BHCDUOHTDB66	CAPELLA BUILT IN HOB DUO HT SQIN 66 FRAME	18990.00
9	BHCTRESLXIN70	CAPELLA BUILT IN HOB T CRYSTAL 70 LXIN FRAME	21590.00
10	BHCCUATROIN70	CAPELA BUILT IN HUB CUATRO CRYSTAL SQ IN 70 FRAME	33590.00
11	BHCCUATROMATTDB77	Capella Built-In-Hob Cuatro MHTTDB 2TR 77	53995.00
12	BHCCUATROMATTDB90	Capella Built-In-Hob Cuatro MHTTDB 2TR90	59995.00

Note:
* MRP rate is including of vat 13%
* Free home delivery service
* Free installation
* 2 year free servicing warranty

Government of Nepal
MoPIT, DoR
Kathmandu Ring Road Improvement Project
Babarmahal, Kathmandu

Notice for Financial Opening of the Bid

Date of publication: 2081/07/10

This notice has been published to inform all concerned contractors about the opening of financial bids at 12:00 noon of 05 Nov 2024 under the tender notice no. 01-2081/82, contract No. KRIP/33701134/081/82 -01 published in the "Naiya Patrika National Daily on 27th Aug 2024", as per the provision of Public Procurement Act, 2063 clause 27(2) and Clause 47.

S.No.	Technically Qualified Bidders
1	M/S Speed Builders and Consultants Pvt.Ltd. Chabhil
2	M/S SEBPL-SBLNS J.V, Satdobato
3	M/S Sadashiva-Safeway J.V, Baneshwor
4	M/S PK/Kasara/Golden J.V, Tokha
5	M/S Shiva-Bohora-Rakta Kanya JV, Tarakeshwor
6	M/S Shanti Infrastructure Pvt.Ltd., Godawari
7	M/S Sulav-Nagarjun-UNI Global JV, Balaju
8	M/S Mangaladevi Subas-Simran-Bikesh JV, Nuwakot

Project Manager

साधारणसभा सम्बन्धि सूचना

यस मैतिदेवि महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१/०७/०९ गतेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार ३०औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुन गइरहेको हुदा हाम्रा सम्पुर्ण सदस्य ज्युहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौ ।

तपशिल
मिति : २०८१/०८/०१
स्थान : मानसरोवर पार्टी प्यालेस पुरानो बानेश्वर ओरालो
समय : दिउँसो १२:३० बजेदेखि ४:०० बजेसम्म

मैतिदेवी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मैतिदेवी, काठमाडौ

मालसामान ढुवानी गर्ने सम्बन्धी टेन्डर आह्वान

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/१०

जनकपुर रिफाईनरजि प्रा. लि. धनुषा, नेपालको नाममा रहेको रुपन्देही जिल्ला सिदार्थ नगरपालिका वडा नं. ४ गलाबन्दी स्थित राईस मिलको मेसिन उपकरण तथा अन्य सामानहरू भैरहवाबाट जनकपुरसम्म सामान ढुवानी गर्नु पर्ने भएकोले तपसिलको शर्तहरूमा रही ढुवानी गर्न इच्छुक ढुवानीकर्ताहरूले देहायबमोजिमको उल्लेखित ठेगानामा सम्पर्क गरी प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्रमा गोप्य सिलवन्दी कोटेसन पेश गर्न आह्वान गर्दछौ ।

शर्तहरू तपसिल अनुसार रहेका छन्
मालसामानको नाम : राईस मिलको मेसिन, औजार तथा अन्य उपरकरणहरू
ढुवानी गर्नु पर्ने सामान : अनुमानित २० ट्रक हुनेछ ।
ढुवानी गर्नु पर्ने ठाउँ : भैरहवा रुपन्देही जिल्ला सिदार्थ नगरपालिका वडा नं. ४ गलावन्दीवाट जनकपुर रिफाईनरीजको कारखाना ढल्केवगर, धनुषा, मिथिला नगरपालिका वडा नं. ७ ढुवानी गरिसक्नु पर्ने समय अवधि : ढुवानी शुरु गरेको मितिबाट १५ दिन भित्र ढुवानी गरिसक्नु पर्ने छ ।
ढुवानी गर्न लाग्ने लोड तथा अनलोडको ज्याला भुक्तानी ढुवानीकर्ता स्वयंले नै भुक्तानी गर्नु पर्ने छ ।

नोटः गोप्य सिलवन्दी कोटेसन पेश गर्दा ढुवानी गर्नु पर्ने सामानहरूको स्थलगत निरीक्षण गरी पेश गर्न अनुरोध गर्दछौ ।

सम्पर्क ठेगाना :
जनकपुर रिफाईनरीज प्रा. लि.
सिफल, काठमाण्डौ, नेपाल
सम्पर्क नम्बर : ९८०१९६८३५५, ९८०१२८८९९०

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार १० कात्तिक ०८१
nayapatrikaofficial @naya_patrika

डिजिटल प्लेटफर्ममा हस्तकला व्यवसाय

मेसिनबाट उत्पादित सामग्रीको दाँजोमा नेपाली हस्तकलाका सामग्रीलाई विदेशीले विशेष महत्त्वका साथ हेर्छन् ।
वार्षिक १० अर्बको हस्तकलाका सामग्री विदेश निर्यात भइरहेको छ भने ११ लाख मानिस रोजगार छन् ।

उद्यम



अन्वेषण अधिकारी

विदेशी ग्राहकले वेबसाइटमा फोटो, रिभ्यु, रेटिङ मात्रै होइन, कसरी बनेको छ, क्वालिटी कस्तो छ भन्नेसमेत हेरेर अर्डर गर्ने गरे को व्यवसायीहरू बताउँछन् ।

झन्डै ११ लाखले रोजगारी पाएका छन्



● प्रचण्ड शाक्य
अध्यक्ष, नेपाल हस्तकला महासंघ

पछिल्लो आर्थिक वर्षमा आठदेखि १० अर्बको हस्तकला सामग्री निर्यात भएको छ । पेमेन्ट गेटवे सिस्टम राम्रो नहुँदा धेरै व्यापारीलाई अनलाइन कारोबारमा समस्या छ । विदेशबाट पैसा ल्याउन सहज छ, तर कहिलेकाहीं सामान रिटर्न गर्नुपर्ने हुन्छ, त्यस्तो अवस्थामा यहाँबाट पैसा फिर्ता गर्न गाह्रो हुन्छ । अनलाइनबाट व्यापारसँगै सामग्रीको ब्रान्डिङ पनि राम्रो हुने भएकाले यसका लागि सरकारले वातावरण बनाउन जरुरी छ । तर, सरकारले सोचेजति ध्यान दिएको छैन । लघु उद्यम भएकाले निर्यात गर्नेलाई सहज बनाउनुपर्छ । प्राचीनकालदेखि नै नेपाललाई मौलिक सामग्रीले अन्तर्राष्ट्रिय जगत्मा चिनाएको छ । तर, आफ्ना उद्यमीलाई प्रवर्द्धन गर्ने नीति राज्यसँग भएन । यसविपरीत, युवाहरूलाई विदेश पठाउने र रेमिट्यान्स भित्र्याउने नीति सरकारको छ । अहिले हस्तकलाले १० देखि ११ लाख हाराहारीलाई रोजगारी दिइरहेको छ । गाउँघरमा कुहिएर जाने झारपातबाट पनि विभिन्न सामग्री बनाएर बेच्न सकिने भएकाले विदेशी मुद्रा आर्जन गर्न यो राम्रो माध्यम हो । तर, पछिल्लो समय युवाको संख्या घट्दो छ । पुस्तान्तरणमा देखिएको समस्याका कारण भारतबाट कामदार झिकाएर काममा लगाउनुपर्ने अवस्था छ ।

नेपालबाट पछिल्लो वर्ष सबैभन्दा धेरै फेल्टका वस्तु निर्यात भएका छन् । यसले ग्रामीण तथा सहरी क्षेत्रमा रोजगारीको व्यवस्था गरेको छ । विदेशमा नेपाली सामग्रीलाई निकै रुचाइन्छ । उनीहरूले निकै राम्रो प्रतिक्रिया दिन्छन् । नेपालको गुणस्तर पनि राम्रो छ । क्वालिटी मेन्टेन र प्रवर्द्धनमा स्थानीय सरकारले पनि ध्यान दिनुपर्ने हुन्छ । सीपमूलक जनशक्ति निर्माणका लागि प्राविधिक शिक्षालयको संख्या बढाउनुपर्छ ।

■ विश्वास आर्जन महत्त्वपूर्ण

ग्राहकको विश्वास आर्जन सबैभन्दा महत्त्वपूर्ण पक्ष रहेको स्वदेशी डटकमका निर्देशक श्रेष्ठले बताए । 'अनलाइन व्यापार विश्वासमा टिकेको हुन्छ । ग्राहकले सोच्दा कुनै सामग्री किनिसकेपछि भोलि रिटर्न गर्नुपर्दा के गर्ने ? कति समयभित्र आउँछ ? कस्तो गुणस्तरको छ ? लगायत विभिन्न कुरा हुन्छन्,' उनले भने, 'किनकि, अनलाइनमा फोटो हेरेरै ग्राहकले सामान अर्डर गर्नुपर्ने हुन्छ । त्यहीकारण उनीहरू विश्वासिलो कम्पनीसँग मात्रै कारोबार गर्न चाहन्छन् । आफ्ना ग्राहकलाई गुणस्तरीय सामग्री उपलब्ध गराएर विश्वासमा लिनुपर्ने हुन्छ ।'

यलम्बर राई ग्राहकलाई विश्वासमा राख्न सामानको गुणस्तरलाई ध्यान दिनुपर्ने बताउँछन् । त्यस्तै, उनीहरूसँग निरन्तर संवादमा रहनुपर्ने उनको अनुभव छ । 'हाम्रोमा दुइटा कार्पेट एकैपटक अर्डर भएको थियो । भूलवश हाम्रो अप्रेसन टिमले युकेबाट आएको अर्डर इटली र इटलीबाट आएको युके पठाएछ । उनीहरूसँग संवाद गरेर, ठेगाना सेयर गर्न लगाएर, युकेको कार्पेटलाई इटली र इटलीको कार्पेटलाई युके पठायौं । त्यस क्रममा लागेको खर्च हामीले व्यहोर्‍यौं,' उनले भने, 'यसरी विश्वास आर्जन गर्नुपर्ने हुन्छ । कुनै समस्या भएमा त्यसबारे इमानदारीसाथ जानकारी दिनुपर्ने हुन्छ । प्रतिस्पर्धा छ, धेरै कम्पनी आइरहेका छन् । तर, गुणस्तर दिन सक्नुपर्छ । हाम्रोमा एकपटक किनेको कार्पेट दसौं वर्ष टिक्छ । ग्राहक सन्तुष्ट हुन सके भने त्यसले मार्केटिङमा ठुलो भूमिका खेल्छ । पैसाको मुख हेरेर मात्रै हुँदैन ।'

उनले अर्डर आइसकेपछि डेलिभरी नहुँदासम्म ग्राहकसँग निरन्तर सम्पर्कमा बस्ने गरेको बताए । 'कोही व्यक्तिले अर्डर गरिसकेपछि ६-७ हप्तासम्म सामान पाउन कुनुपर्ने हुन्छ । कहिलेकाहीं थप ढिला पनि हुन सक्छ । यस अवधिमा हामी निरन्तर संवादमा बस्नुपर्छ,' उनले भने, 'हामी बन्दै गरेको फोटो र भिडियो पठाउँछौं । केही वर्षअघि बनाउने मानिसलाई डेंगु लागेर पठाउन ढिला भएको थियो । हामीले यो विषय जानकारी गरायौं । यसरी सम्पर्कमा बसेकाले उनीहरूले पनि बुझ्छन् । पैसा लियो तर केही अपडेट भएन भने उनीहरू आत्तिन्छन् ।'

रूपक पराजुली भन्छन्, 'अनलाइनमा फोटो हेरेर विश्वास गर्नुपर्ने हुन्छ । यसमा पहिलो कुरा नै ट्रस्ट हो । अहिलेका ग्राहकले इन्स्टाग्रामका भरमा अर्डर गर्छन् । वेबसाइटबाट त्यसको रिभ्यु र रेटिङ हेरेर अर्डर गर्छन् । अप्रेसन कसरी भएको छ, क्वालिटी कस्तो छ भन्ने पनि हेर्छन् । कम्पनीको वेबसाइट र त्यसपछि हुने संवादकै आधारमा कम्पनी कति विश्वासिलो छ भन्ने कुरा ग्राहकले बुझिसकेका हुन्छन् ।'

प्राचीनकालदेखि नै कला-संस्कृतिका लागि नेपाल प्रख्यात छ । कौटिल्यको अर्थशास्त्रमै नेपालका राडीपाखीको चर्चा छ । लिच्छविकालमा भारत र तिब्बतमा भाँडाकुँडा, मूर्ति, जुडीबुटीलगायत पठाइन्थ्यो । सातौं शताब्दीमा भृकुटीले विवाह गरेर तिब्बत जाँदा मैत्रेय बुद्धका मूर्ति आफूसँगै लगेको इतिहासमा उल्लेख छ । उनले पनि त्यहाँ नेपालको बज्रयान बौद्ध धर्मलाई फैलाएकी थिइन् । मल्लकाल नेपाली कला-संस्कृति र व्यापारका लागि स्वर्णकाल मानिन्छ । यस समय नेपालबाट हुने व्यापार भारत र तिब्बत दुवैतर्फ बढेको इतिहास छ । नेपालको यो सांस्कृतिक विरासत 'डिजिटल युग'मा पनि कायमै छ । प्रविधिको विकाससँगै अवसर र चुनौती दुवै थपिएका छन् ।

नयाँ-नयाँ सोचसहित युवा उद्यमी हस्तकलाको प्रवर्द्धनमा सक्रिय छन् । रूपक पराजुलीको तीन पुस्ता व्यापारमा संलग्न छ । हजुरबुबा यमप्रसाद पराजुलीले न्युरोडमा कपडा र हस्तकलाबाट बनेका विभिन्न सामग्रीको पसल राखेका थिए । बाबु केदारप्रसाद पराजुलीले त्यसलाई ठमेल सारे ।

आइटी अध्ययन गरेका रूपकमा स्वदेशमै केही गरौं भन्ने सोच आयो । उनले आफ्नो परिवारकै पेसालाई डिजिटल माध्यमबाट निरन्तरता दिने सोच बनाए । 'हजुरबुबाले नै व्यापार थाल्नुभएको हो । उहाँ अहिले गाउँ गएर अवकाश जीवन बताइराख्नुभएको छ । बुबाले अझै ठमेलमा व्यापार गर्नुहुन्छ,' रूपकले भने, 'विदेश जानुको साटो यहीं केही गर्ने सोच मलाई थियो । सूचना प्रविधिको युगमा नयाँ ढंगले केही गर्नुपर्छ भनेर मैले पाँच वर्षअघि अनलाइनमार्फत नेपाली मौलिक सामग्रीको व्यापार थालेको हुँ ।'

उनको स्वामित्वमा रहेको नेपाली ह्यान्डिक्राफ्ट इन नेपाल डटकमले नेपाली कलाकारले हातले बनाएका सामग्रीको व्यापार गर्छ ।

याकको ऊनबाट बनेका सल, ब्ल्यांकेट्स, विभिन्न किसिमका मूर्ति, खुकुरी, सिङगिङ बल, भाडबाट बनेका कपडा, योगा म्याट, हातले नै बनाइएको प्राकृतिक साबुन, धूपलगायत सामग्री अनलाइनमार्फत अर्डर गर्न सकिन्छ । 'अहिले हातहातमै स्मार्टफोन छ । इन्टरनेटको सहज पहुँच छ । त्यही कारण अनलाइनमै सामग्री किनबेच हुने क्रम बढेको छ,' उनले भने, 'हामीले हातैबाट बनेका सामग्री बेच्ने हुनाले स्वदेश र विदेशमा पनि ग्राहक पाइरहेका छौं ।'

उनले थपे, 'नेपालमा आजकल मेसिनबाट बनेका सामग्रीको प्रयोग बढ्दो छ । हामी विदेशबाट त्यस्ता सामग्री मगाएर चलाइरहेका हुन्छौं । तर, उता विदेशीहरू हातबाटै बनेका सामग्रीको प्रयोगमा ज्यादा रुचि देखाइरहेका हुन्छन् । उनीहरू त्यस्ता सामग्री प्रयोग गर्न चाहन्छन्, जसले समुदायमा पनि केही योगदान गरोस् । एउटा सर्जक वा उत्पादनकर्तालाई उसले गरेको मिहिनेतको मूल्य प्राप्त हुनेछ भन्ने कुरालेे उनीहरूलाई जुन सन्तुष्टि मिल्छ, मेसिनले बनाएका सामग्री प्रयोग गर्दा त्यो सन्तुष्टि ग्राहकलाई प्राप्त नहुन सक्छ ।'

आफ्ना अधिकांश ग्राहक विदेशमा रहेको रूपकले बताए । 'झन्डै ७० प्रतिशत ग्राहक विदेशी छन् । ३० प्रतिशत नेपाली छन् । त्यस्तै विभिन्न स्टार्टअप ब्रान्डहरूसँग पनि हामीले सहकार्य गरेका छौं । पठाओ, फुडमान्डुलगायतले वार्षिकोत्सव र विशेष समारोहमा हस्तकलाका सामग्री प्रयोग गर्दा हामीलाई नै सम्झन्छन् ।'

नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यका अनुसार नेपालबाट अल्लो, बाँसजन्य वस्तु, पोतेका सामान, सेरामिक सामान, ढाकाबाट बनेका कपडा, भाडबाट बनेका कपडा, फेल्ट, धूप, धातुजन्य, चित्रकला, कागज, ढुंगाबाट बनेका कलाकृति, रेसाजन्य सामग्री, चाँदी, गरगहना, काष्ठकला, ऊनलगायत सामग्री विदेश आयात हुँदै आएको छ । नेपालमा उत्पादित हस्तकला छिमेकी मुलुक भारत, चीनलगायत अमेरिका, जापान, जर्मनी, डेनमार्क, नेदरल्यान्ड, बेलायत अस्ट्रेलिया, सिंगापुरलगायत देशमा निर्यात हुने गरेको उनले बताए ।

'विदेशीहरू हातले बनेका सामग्री भन्नेबित्तिकै खुसी हुन्छन् । जापानमा हस्तकलाका सामग्रीलाई पाँच गुणासम्म बढी मूल्य तिरेर किन्छन् । मानिसको श्रम र सीप परेको हुनाले मेसिनबाट उत्पादित सामग्रीको दाँजोमा यसलाई विदेशीले विशेष महत्त्वले हेर्छन्,' नेपाल हस्तकला महासंघका अध्यक्ष शाक्यले भने ।

'उद्यमी घर'की सञ्चालक शोभा घिमिरे २०६१ सालदेखि नै नेपाली परम्परागत सामग्रीको उत्पादन र बजारीकरणमा सक्रिय छिन् । 'मैले एनजिओमा सक्रिय रहेर महिला उद्यमशीलता र रोजगारीका लागि देशका ५० भन्दा धेरै जिल्लामा गएर सीपमूलक तालिम दिएँ । जनचाहनामा र मागमा आधारित तालिम दियौं । नेपाल सरकार, धेरै एनजिओ, आइएनजिओ तथा युनएनडिपीजस्ता संस्था यस कार्यमा सक्रिय छन् । एउटै मानिसले धेरै तालिम लिएको छ । तर, कतिपयका हकमा १० वटा सीप भएर पनि बेरोजगार छन्,' उनले भनिन्, 'यस्तो अवस्था किन आयो भनेर हामीले झन्डै दुई वर्ष अनुसन्धान गर्‍यौं । खासमा हामीले तालिम दिए पनि त्यसपछि उनीहरूले गरेका प्रगतिबारे फलोअप गरेनौं । बजार र प्रविधिमा उनीहरूको पहुँच नभएकाले पनि यस्तो अवस्था निम्तिएको भन्ने लाग्यो ।'

त्यसपछि घिमिरे 'उद्यमी घर' खोलेर व्यवसायमा सक्रिय भइन् । ललितपुरको चापागाउँ दोबाटोमा रहेको 'उद्यमी घर'ले हस्तकला कृषि र लघु उद्यमका सबै उत्पादन र सामग्री एकै थलोमा बेच्छ । अनलाइनमार्फत पनि यस्ता सामग्रीको प्रवर्द्धन र बजारीकरण गर्छ । 'नेपाली मन, नेपाली पन, नेपालकै उत्पादन' भन्ने नारासहित परम्परागत सामग्रीको प्रवर्द्धनमा लागेकी घिमिरे भन्छिन्, 'हातमा सीप भएकाहरूले बनाएका सामग्रीलाई स्वदेशी र विदेशी बजारसम्म पुऱ्याउँछौं । पछिल्लो समय विदेशीले पनि परम्परागत सामग्रीमा रुचि देखाइराखेका छन् ।' उनले भनिन्, 'नेपालमै पनि परम्परागत सामग्रीप्रति आकर्षण बढ्दो छ ।'

गाउँ-गाउँका मानिसले बनाएका घुम, ठेकी, डालो, डोको, सुकुल, गुन्द्री, ढिकी-जाँतोलगायत सामग्री लिन 'उद्यमी घर'मा आउँछन् । 'असारमा घुम ओड्ने चलन थियो । यो परम्परा लोप हुनुहुँदैन भन्ने हाम्रो मान्यता हो । ठेकी, डालो, डोकोलगायत परम्परागत सामग्रीको माग बढ्दो छ । अहिले रेस्टुरेन्ट र क्याफेहरूमा यसको माग छ,' उनले भनिन् ।

गाँजाका कपडा, अल्लोका कपडा, बाँसको पर्दा, खोस्टाको मूर्तिलगायत सामग्रीमा विदेशीसमेत आकर्षित भइरहेको उनले बताइन् । 'मकैको खोस्टाबाट बनाएका सामग्रीको माग अहिले बढ्दो छ । विभिन्न जातजातिका ड्रेस यसबाट बनाएका छौं । जापान, जर्मनबाट राम्रो अर्डर छ,' उनले भनिन्, 'मकैको खोस्टाबाट बनाइएको बुद्धको मूर्ति चाहियो भनेर अर्डर आइरहेको छ । तर, जनशक्ति अभाव छ । मकैको खोस्टाबाट सामग्री बनाउन सक्ने नेपालमा ६ जना मात्रै छन् । कतिपय सामग्री अर्डर आएर पनि दिन नसकिने अवस्था छ ।'

> 'मकैको खोस्टाबाट बनाइएको बुद्धको मूर्ति चाहियो भनेर अर्डर आइरहेको छ । तर, जनशक्ति अभाव छ । मकैको खोस्टाबाट सामग्री बनाउन सक्ने नेपालमा ६ जना मात्रै छन् । कतिपय सामग्री अर्डर आएर पनि दिन नसकिने अवस्था छ ।'

सोलुखुम्बुका यलम्बर राई पछिल्लो आठ वर्षदेखि हस्तकलाका सामग्रीको व्यापारमा संलग्न छन् । बुबाले ललितपुरको खुमलटारमा सुरु गरेको पसललाई अहिले उनले अनलाइनमार्फत निरन्तरता दिइरहेका छन् । 'युना ह्यान्डिक्राफ्ट' कोरोना महामारीपछि अनलाइन बिजनेसमा रूपान्तरण भएको उनले बताए । अहिले उनको अनलाइनमा स्वदेश तथा विदेशबाट ठुलो संख्यामा अर्डर आउँछ । थाङ्का, धातुबाट बनेका सामग्री, सिङगिङ बल, खुकुरी, ढाकाका कपडा, पस्मिना, कार्पेट, सारङ्गी, मूर्तिलगायत सामग्री उनले अनलाइनमार्फत बेच्ने गरेका छन् । 'हाम्रोमा विदेशबाट अर्डर धेरै आउँछ । पछिल्लो समय नेपालीले पनि धेरै जानकारी लिन थालेका छन्,' उनले भने, 'विदेशमा पनि नेपाली समुदायभन्दा विदेशीले नै धेरै रुचि देखाएका छन् । खुकुरीचाहिँ त्यहाँका नेपाली समुदायको रोजाइमा पनि पर्छ । विशेषगरी, बेलायती गोर्खा सैनिकमा कार्यरतले सजावटका लागि खुकुरी अर्डर गर्छन् ।'

राईले अनलाइनमार्फत व्यापार गर्दा विश्वभर एक्सपोज हुन पाएको र मौलिक सामग्रीको प्रवर्द्धन गर्न पाउँदा सन्तुष्टि पनि मिलेको बताए । 'विदेशितिर सजावटका लागि पनि परम्परागत सामग्री राख्ने चलन बढ्दो छ । हाम्रोमा रेडिमेड कार्पेट नै सस्तोमा पाइन्छ । मेसिनबाट बनेका सामग्रीको दाँजोमा हातले बनाइएका सामग्री तयार गर्न समय धेरै लाग्ने भएकाले केही महँगो हुन्छ । त्यसैले पनि नेपालमा परम्परागत सामग्री प्रयोग गर्नेको संख्या केही कम छ,' उनले भने, 'नेपाल घुम्न आएका, विगतमा नेपाल बसेका वा नेपालसँग सम्बन्ध भएका विदेशीले पनि नेपाली हस्तकलाका सामग्रीबारे विदेशमा प्रचार गरिराखेका हुन्छन् । यस्ता सामग्रीसँग उनीहरूको भावनात्मक निकटता पनि हुन्छ । यसले नेपालको सम्झना गराउँछ ।'

एक्ज्युकेटिभ एमबिए र पर्यटनमा मास्टर्स गरेका राई नेपालमा पर्यटक भित्र्याउन पनि मौलिक सामग्रीको प्रवर्द्धनले भूमिका खेल्ने बताउँछन् । 'म फ्रेन्च पनि बोल्छु । मैले फ्रेन्चमा पनि उत्तर दिइरहेको हुन्छु । उनीहरू उनीहरूको भाषामा बोल्दा खुसी मान्छन् ।

त्यसपछि उनीहरूले नेपालबारे धेरै कुरा सोधिरहेका हुन्छन् । चासो प्रकट गरिरहेका हुन्छन् । सामानको किनबेच मात्रै नभएर सम्बन्ध बनाउने माध्यम पनि हो ।'

विगत चार वर्षदेखि स्वदेशी डटकमले पूजा सामग्री, नेपाली परम्परागत गहना र कपडा, हस्तकला, दैनिक जीवनमा प्रयोग हुने सामग्री, नेपाली परम्परागत संगीत उपकरणलगायत विभिन्न सामग्रीको प्रवर्द्धन गरिरहेको छ । मर्चुङ्गा, डमरु, डम्फु, टुङ्गना, धिमे, मादल, सारङ्गी, शंख, ट्याम्कोलगायत परम्परागत बाजा स्वदेशी डटकममा पाइन्छ । थाङ्का, मिथिला चित्रकला, खुकुरी, काठबाट बनेका मूर्ति, धातुबाट बनेका मूर्ति, धूप, करुवा, तामाको अस्टमंगल खड्कुलो, त्रिशूल, दियोलगायत सामग्री पनि यहाँ अर्डर गर्न सकिन्छ ।

'नेपालमा सीप भएकाहरू धेरै छन् । अनलाइन प्लेटफर्ममार्फत उनीहरूको मौलिक सिपलाई फैलाउने र नेपाली सामग्रीको प्रवर्द्धन र निर्यात गर्ने लक्ष्यले हामीले स्वदेशी डटकम खोलेका हौं,' सहसंस्थापक तथा निर्देशक प्रवीन श्रेष्ठले भने, 'विदेशी ग्राहकले नेपाली मौलिक सामग्रीमा राम्रो रुचि देखाएको हाम्रो अनुभव छ । यसले नेपालप्रतिको उनीहरूको माया पनि दर्साउँछ । बिस्तारै यी सामग्रीमा नेपालीको पनि आकर्षण बढ्दो छ । यसलाई सुखद मान्नुपर्छ ।'

राष्ट्रिय सभा सदस्य जयन्तीदेवी राईलाई मन परेका पुस्तक



● **आमा** : म्याक्सिम गोर्कीको यो उपन्यास मलाई निकै मन परेको पुस्तक हो । यसले रसियाली क्रान्तिताका कारखानामा गरिबी र भोकसँग जुधेर काम गर्ने महिलाको कथा प्रस्तुत गर्छ । यसमा क्रान्तिकारी छोरा र उनकी मायालु आमाको कथा छ । जो सुरुमा आफ्ना छोरालाई लिएर चिन्तित हुन्छिन्, तर कालान्तरमा आफैँ क्रान्तिमा होमिन्छिन् । मातृत्व र महिलाको शक्तिलाई यस उपन्यासले देखाएको छ । महिलाले पनि समाज परिवर्तनका लागि अग्रमोर्चामा रहेर विद्रोह गर्न सक्छन् भन्ने देखाएको छ । यो उपन्यासले समानता, स्वतन्त्रता तथा अधिकार प्राप्तिका लागि विद्रोह गर्न सचेत बनाउँछ ।

● **शिरीषको फूल** : पारिजातको 'शिरीषको फूल' मलाई निकै मन परेको उपन्यास हो । यस उपन्यासकी मुख्य पात्र सकम्बरी विशेष छिन् । उनले तत्कालीन समाजमा विद्रोही महिलाको प्रतिनिधित्व गरेकी छिन् । जीवनका अप्ठ्यारालाई यस उपन्यासले उजागर गरेको छ । उपन्यासका शब्द निकै शक्तिशाली छन् । त्यहीकारण, जतिपल्ट पढ्दा पनि धित मर्दैन । मलाई पारिजातको कथा 'मैले नजन्माएको छोरो' पनि विशेष लाग्छ ।

● **तस्लिमा नसरिन** : बंगलादेशी लेखिका तस्लिमा नसरिनको आत्मकथा पनि मलाई निकै मनपरेको थियो । उनी एक विद्रोही महिला हुन् । बंगलादेश सरकारले उनको आत्मकथामा प्रतिबन्ध नै लगाएको थियो । उनको आत्मकथाले एउटा अलग ऊर्जा दिन्छ । धर्मका नाममा महिलामाथि हुने दमनबारे उनले खुलेर लेखेकी छिन् । महिलालाई समाजमा कस्तो ठाउँ दिइनुपर्छ भन्नेबारे उनका तर्क बेजोड छन् ।



● **फूल बेच्ने केटी** : कोरियाली ओपेरा 'द फ्लावर गर्ल'लाई खगेन्द्र संग्रौलाले काव्यिक अनुवाद गरेर 'फूल बेच्ने केटी' नाम दिनुभएको छ । यसमा महिलाका दुःखका कुरा छन् । जापानी साम्राज्यवादले कोरियामा गरेको ज्यादतीको कथा छ । त्यतिबेला हामी गाउँमा सानो टुकी बत्ती बालेर साथीहरू भेला गरेर कथा पढ्ने गथ्र्यौं । यो कथा पढ्दा म निकै रोएकी थिएँ । हामीले के दुःख भोगेका रहेछौं र भन्ने लागेको थियो ।

● **युवाहरूको गीत** : चिनियाँ लेखक याङ मोको उपन्यास 'द सङ अफ युथ'लाई नेपालीमा खगेन्द्र संग्रौलाले अनुवाद गर्नुभएको हो । यो पुस्तकले पनि क्रान्तिका लागि झकझक्याउँछ । मैले युवावस्थामै यो पुस्तक पढेको हुँ ।


● **झाँसीकी रानी लक्ष्मीबाई** : वृन्दावनलाल बर्माले लेखेको यो पुस्तक एक ऐतिहासिक पुस्तक हो । यस उपन्यासले ब्रिटिसकालमा झाँसीकी रानी लक्ष्मीबाईको बहादुरीलाई चित्रण गरेको छ । लक्ष्मीबाईले १८५७ को भारतको सिपाही विद्रोहमा अग्रणी भूमिका निभाएकी थिइन् । उनको बहादुरी र संघर्षको कथा यसमा छ ।

पर्यटन



● हरिशरण खनाल

गोसाइँकुण्ड
धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको संगम



यस वर्षको दसैँ बिदाको छेकोमा गोसाइँकुण्डको रमाइलो यात्रा गर्ने अवसर जुऱ्यो । काठमाडौंदेखि करिब पाँच घण्टा लामो सडक यात्रापछि पुगियो रसुवाको सदरमुकाम धुन्चे । २००० मिटर उचाइको धुन्चेबाटै सुरु हुँदोरहेछ गोसाइँकुण्ड जाने पदयात्रीको ताँती ।

धुन्चेबाट झन्डै एक घण्टाजति केही तेर्सो र केही ओरालो हिँडेपछि पुगिने १९६० मिटरमा अवस्थित घट्टेखोलाबाट त्रिशूली नदीको सुसाहटसँगै सुरु हुँदोरहेछ गोसाइँकुण्डको वास्तविक पदयात्रा । यहाँबाट करिब दुई घण्टाजति हिँडेपछि पुगिने २३०० मिटरको उचाइमा रहेको खेन्दीमा पनि खाने, बस्ने राम्रो सुविधासहितका होटेल उपलब्ध रहेछन् ।

घट्टेखोलादेखि उकालिँदै गर्दा दायाँबायाँ देखिने विभिन्न जंगली फूलका ताँतीले पदयात्रीलाई गोसाइँकुण्डसम्मै पछ्याउँछन् । हेर्दै टप्पटप्प टिपेर पऱ्याकपुरुक पारेर ढिँडोको सितन बनाइहालौँजस्तो लाग्ने कलकलाउँदा सिस्नोको मुन्टा देख्दा त्यतै बसेर सिस्नोको तरकारी र फापरको ढिँडो खाइदिऊँजस्तो त पाइलैपाइलामा लागिरह्यो । बाटाको दायाँबायाँ यत्रतत्र फैलिएका अल्लोको झाडी देख्दा आजभोलि बजारमा अल्लोका कपडाको माग बढ्दै गएको सम्झना आयो ।

२५०० मिटर उचाइमा अवस्थित देउराली पुग्दासम्म लगाएका लुगासमेत भारी हुन थालिसकेका थिए भने बोकेका झोला पनि त्यतै फालेर हिँडौं कि जस्तो हुन थालिसकेको थियो । देउरालीमै बसौं भने पनि होटेलको राम्रो सुविधा रहेछ । तर, लक्ष्य चन्दनबारीसम्म पुग्ने भएकाले हामी केहीबेर आराम गरेर फेरि उकालियौं । गोसाइँकुण्ड पुगेर फर्किएका हँसिला अनुहार तलैदेखि बारम्बार भेटिन्थे । सायद उकालिँदै गरेका हाम्रा थकित अनुहार देखेर होला उनीहरू एक झल्को फिस्स हाँस्थे र ओरालो लाग्थे । उकालिँदै गरेका हाम्रो टोलीका ११ जनाबाहेक पनि बाटामा कोही अगाडि त कोही पछाडि ठसठस कन्दै उकालो लाग्ने पदयात्री कति भेटिन्थे कति !

देउरालीबाट उकालिँदै गएपछि भने दिनले पनि साथ छाड्यो । बिस्तारै अँध्यारो बढ्दै गयो । अँध्यारोसँगै शरीरको थकान चर्किँदै थियो । खुट्टाले त्यतै कतै बसौंजस्तो गर्न थालिसकेका थिए । गन्तव्य चन्दनबारी कति टाढा छ, अत्तोपत्तो थिएन । जति हामी उकालिँदै थियौं, स्याँस्याँ बढ्दै थियो, पाइलाहरू छोटिँदै थिए । जसोतसो घिस्रिँदै जाँदा पुगियो, २९०० मिटर उचाइमा रहेको डिम्सा । यहाँ पनि केही होटेलहरू आन्तरिक र बाह्य पर्यटक पर्खेर बसेका रहेछन् । ११ जनाको टोलीका आठजनालाई चन्दनबारीतिर पठाएर हामी हिँड्ने शक्ति सकिएका तीनजनाचाहिँ यहीँको डिम्सा लामा होटेलको शरणमा पुग्यौं । आठ सय रुपैयाँमा गाँस र बास पाइँदोरहेछ । तात्तातो खाना खाएर गुँडुल्कियौं काठैकाठले बनेको कोठामा ।

बिहान साढे चार बजेतिर उठ्दा हिजोको थकान छुमन्तर भइसकेको थियो । करिब पाँच बजेतिर हामी उकालियौं चन्दनबारीतिर । जहाँ हामीले भेट्नु थियो हिजो छुट्टिएका टोलीका साथीहरूलाई । अँध्यारामा मोबाइल बालेर उकालो चढ्दै जाँदा करिब ४० मिनेटमा हामी पुग्यौं ३२५० मिटर उचाइमा रहेको चन्दनबारीको होटेल याक एन्ड नाकमा । ब्रेकफास्टपछि दोस्रो दिनको यात्रा सुरु भयो ।

होटेलबाट निस्किएर थोरै माथि उक्लिनासाथ नजिकै मुस्कुराइरहेका गणेश, मनास्लु, लाङटाङलगायत हिमालले हामीलाई स्वागत गरे । कतै अग्ला पहाड, कतै हिमाल त कतै वनजंगल र पातला बस्तीले हामीलाई उकालिन हौसला थपिरहे ।

झन्डै दुई घण्टापछि पुगियो ३५५० मिटर उचाइमा रहेको मनोरम चोलाङपाटी । यहाँबाट उत्तरतिर हेर्दा देखिने हिमालको मोहनीले हिँडाइको थकान मेटिदियो । यही चोलाङपाटीबाटै सुरु हुँदोरहेछ





लौरीविनाको उकालो । उकालो जति चढ्दै गयो, चारैतिरको मनोरम दृश्यको मोहनी पनि बढ्दै थियो । एकातिर बाक्लो हुस्सुले लुकामारी खेलिरहेको थियो भने अर्कातिर ३९०० मिटरको उकालोले सातो लिइरहेको थियो । नचिनिएका मसिना लेकाली फूलको कडा बास्नाले नाकमा आक्रमण गरिरहेको थियो । एक-दुई पाइला सार्नासाथ सासै रोकिएलाजस्तो हुन्थ्यो । एकछिन रोकियो, एक-दुई पाइला साऱ्यो । उकालो चढ्ने सबै पदयात्रीको हालत यस्तै थियो । गोसाइँकुण्ड पुगेर भर्ने पदयात्री भने ओरालोमा मुस्कुराउँदै हामीलाई 'टिप्स' दिइरहेका थिए । सित्तैमा पाइने टिप्स थाप्दै हामी उकालो चढिरह्यौं ।

लौरीविनामा पनि केही होटेल अतिथि सत्कारमा तल्लीन थिए । उकालिने कतिपय पदयात्री यतै खाना खाँदै थिए भने कतिपयचाहिँ गोसाइँकुण्डै पुगेर खाने अठोटसाथ उकालिइरहेका थिए । हाम्रो टोली पनि दुई खेमामा बाँडियो । आधाउधीले लौरीविनामै खाना खाए भने आधाउधीचाहिँ भोकै पेट जिद्दी गरेर उकालियौं ।

४१५० मिटरको उचाइमा रहेको बुद्ध मन्दिर पुगेपछि ठाडो र चुनौतीपूर्ण लौरीविनाको उकालो सकिँदोरहेछ । यहाँबाट हिँड्न सक्नेलाई करिब एक घण्टा टाढा रहेछ, गोसाइँकुण्ड । तर, हिँड्न नसक्नेलाई भने दुई घण्टाभन्दा बढी नै लाग्दो रहेछ ।

करिब १:४५ तिर हामी ४३८० मिटर उचाइमा अवस्थित गोसाइँकुण्ड पुग्यौं । पौराणिक कथनअनुसार समुद्र मन्थनबाट उत्पन्न कालकुट विष सेवन गरेपछि विषको पीडा शमन गर्न शीतल ठाउँको खोजीमा भौंतारिएका भगवान् शिव अहिले गोसाइँकुण्ड रहेको स्थानमा पुग्दा पानीसमेत पिउन पाएनन् । प्यासले रन्थनिएका शिवले नजिकैको ढुंगामा

साप्ताहिक राशिफल

१० कात्तिक (शनिबार)
१६ कात्तिक (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

सहयोगीहरूले राम्रोसँग साथ दिनाले चिताएका काम समयमै पूरा हुनेछ । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । अनावश्यक शंका जाग्ने र आत्मीय सम्बन्धमा कमी आउने योग रहेकाले सावधानी अपनाउनुपर्नेछ । साताको अन्त्यमा मान्यजनको सुझाव पालना गरेमा कार्यमा सफलता मिल्नेछ । विशेष उपहार तथा प्रतिष्ठा मिल्ने योग छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीले साथ दिनेछन् । उद्योग र व्यापारमा विशेष फाइदाको योग रहेको छ । विगतका कर्मको उचित प्रतिफल पाइनेछ । कृषिकर्म र व्यावसायिक काममा पनि फाइदा उठाउन सकिनेछ । नयाँ काममा हात हाल्ने समय भएकाले धनार्जन गर्ने मौका मिल्नेछ । अचल सम्पत्तिको कारोबारमा सफलता मिल्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

यात्रामा सावधानी अपनाउनु पर्नेछ । सरसामान हराउने तथा चोरी हुने सम्भावना रहेकाले चनाखो हुनुपर्ने देखिएको छ । विचार सम्प्रेषण गर्ने केही समय पर्खनु नै बुद्धिमानी हुनेछ । बिहीबारदेखि सहयोगीहरूले काममा साथ दिनेछन् । कार्यमा बिस्तारै फाइदा हुनेछ । पठन-पाठनमा बिस्तारै प्रगति हुनेछ । साताको अन्त्यमा सुखद समाचार सुन्न पाइनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ । पारिवारिक जमघटमा मन रमाउनेछ । मन पर्ने वस्त्र, अलंकार आदि उपहार पाइएला । स्वादिष्ट भोजनको आनन्द मिल्नेछ । पठनपाठनमा प्रगति हुनेछ । साताको अन्त्यमा रोकिएका काम बन्ने र नयाँ काम पाइने योग रहेको छ । पारिवारिक साथ र सहयोग मिल्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

अनावश्यक खर्च बढ्ने देखिन्छ । व्यावसायिक यात्रा अलि निष्फल बन्ने देखिन्छ । छर-छिमेकमा पनि केही असमझदारी बढ्ने योग छ । साताको अन्त्यमा वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । प्रयत्न गर्दा अनुकूल स्थानान्तरण र टाढाको यात्रा सफल हुने छ । अधुरो काम पूरा हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात लाग्ने समय रहेको छ । कृषि तथा पशुपालनमा सोचेको भन्दा बढी लाभ नहोला । व्यापारमा प्रशस्त फाइदा हुने योग छ । श्रमको उचित मूल्यांकन होला । साताको अन्त्यमा पढाइमा पनि राम्रै प्रगति हुनेछ । अधुरा कामहरू पूर्ण हुनेछन् ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । प्रतिष्ठा कमाउने समय रहेकाले सोचेका कार्य पूरा हुनेछन् । सामाजिक कामको दायित्व बढ्नेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ । काममा मातापिताको सहयोग प्राप्त होला । साताको अन्त्यमा प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ । समयमा काम पूरा नहुनाले अलि खिन्नता बढ्ला । अस्वस्थताका बाबजुद कामको दायित्व बढ्नेछ । सानातिना काममा महत्त्वपूर्ण समय बित्न सक्छ । सहयोगको आशा देखाउनेहरूले धोका दिने सम्भावना छ । साताको अन्त्यमा धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

काममा केही चुनौती देखिए पनि समयको सदुपयोग हुनेछ । सहयोगीहरूले काममा तत्परता देखाउनेछन् । प्रयत्न गर्दा गोप्य कुरा पत्ता लगाउन सकिनेछ । नसोचेको धन लाभ हुन सक्छ । बिहीबार सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ने समय छ । साताको अन्त्यमा स्वास्थ्य प्रतिकूल रहने योग रहेको छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

व्यापार-व्यवसायमा विशेष लाभ लिने साता रहेको छ । व्यावसायिक यात्राको सम्भावना छ । दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ । नयाँ ज्ञान सिक्ने मौका छ । आम्दानी प्रशस्तै बढ्नेछ । नयाँ सवारीसाधन प्राप्तिको योग छ । साताको अन्त्यमा नयाँ मित्रता र प्रेमको बन्धन कसिनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग रहेको छ । काममा अधिकार प्राप्तिका लागि प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ । प्रतिस्पर्धीहरूको चलखेल बढ्नाले केही चुनौती सामना गर्नुपर्ला । बुधबार र बिहीबार यात्रामा विशेष लाभ मिल्ने देखिन्छ । साताको अन्त्यमा मुद्दा-मामिलामा विजयी भइनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

पशुपालन तथा कृषिक्षेत्रबाट सामान्य लाभ मिल्ने योग रहेको छ । प्रतिस्पर्धामा कमजोर भइएला, सचेत रहनुहोस् । बिहीबार केही प्रतिष्ठित काम बन्नेछन् । सन्तान वा अनुयायीले प्रशन्नता दिलाउनेछन् । साताको अन्त्यमा पारिवारिक यात्राको योग रहेको छ ।

गुमनाम सरोदवादक

पाटनढोका गेटबाट करिब सय मिटर भित्र । साँघुरा गल्ली । पुराना घरमाझ चारकोठे आधुनिक घर । साँझ ७ बजेको हुँदो हो । वातावरण एकलास र सुनसान थियो । सरोदको मालश्री धुन बजिरहेको थियो । मालश्री धुनसँगै ध्यानमग्न भेटिए सुदर्शन राजोपाध्याय ।

सुदर्शनले चार दशकदेखि सरोदलाई साथी बनाएका छन् । सरोदका तारमा औंला चलाउन थालेपछि उनलाई समय बितेको पत्तो हुँदैन । 'सरोदलाई बजाउने कुनै निश्चित समय हुँदैन । फुर्सद हुनेबित्तिकै काखमा लिएर बजाउन थालिहाल्छु,' उनले भेटको सुरुवातमा सुनाए ।

सुदर्शनले बजाएको सरोदको धुन भारत, चीन, पाक्तिानलगायत धेरै ठाउँमा बजिसकेको छ । थुप्रै मानिस उनले बजाएको सरोदको धुनमा लोभिएका छन् । तर नेपालमा भने उनी गुमनाम जस्तै छन् ।


सानैदेखि संगीतसँगै हुर्किए सुदर्शन । बुबा रेडियो नेपालका संगीतज्ञ थिए । बुबाले घरमा सरोद बजाउँथे । बुबाले सरोद बजाएको हेर्थे, सुन्थे । बुबाले बजाएको सरोदको धुन उनको मस्तिष्कमा बस्दै गयो । स्कुल पढ्दा उनी गितार बजाउँथे । तर, गितारले मात्र संगीतको धीत मरेन । र, सरोदप्रतिको मोह जाग्यो । उनको मस्तिष्कमा सरोदको धुन नमेटिने गरी बस्यो ।

०४० सालमा सुदर्शनले एसएलसी पास गरे । उनलाई संगीत सिक्ने हुटहुटी जाग्यो । उनी शास्त्रीय संगीत अध्ययन गर्न भारत गए । सरोद सिक्न सजिलो पक्कै थिएन । सुदर्शनले सर्यौं रात धुनमै बिताएका छन् । जीवनमा सरोदको धुनसँग उनलाई कहिल्यै छटपट र दिक्क लागेन । सरोदका राग सिक्न सजिलो थिएन । हातका औंलामा फोका उठे । औंलाका टुप्पा काला भए । फोका फुटेर औंलामा चिरा पर्थ्यो । औंलाले कतै छोइहालेमा नराम्रोसँग मुटुमा शूल हानेझैं हुन्थ्यो । तर, गुरुले सरोदका तारहरूबाट निकालेको धुनले भने उनलाई लोभ्याइरह्यो । त्यही लोभ र उत्कट चाहनाका अगाडि सुदर्शनका औंला चिरिएर निस्किएको पीडा सामान्य भइदियो ।

'जसरी पनि सिकेरै छाड्छु भन्ने प्रण गरेँ । मलाई हातको दुखाइभन्दा सरोदबाट निस्किएको धुनले बढी आनन्द दियो । जति दुःख पीडा भए पनि शास्त्रीय संगीतबाट भाग्न सकिनँ । कहिलेकाहीं त यति दिक्क लाग्थ्यो कि बाजा फालेर हिँडिदिऊँ जस्तो लाग्थ्यो । तर, अब त्यो सबै बिर्सिसकियो,' उनी भन्छन् ।

भारतको दिल्लीमा शास्त्रीय संगीतमा मास्टर्स सकेर फर्किए उनी । ०५२ सालमा रेडियो नेपालमा जागिर खाए । तर, दिनभरि त्यत्तिकै बस्नुपर्थ्यो । काम नहुँदा समय बिताउन गाह्रो भयो । त्यही भएर उनले रेडियो नेपालको जागिर छाडिदिए । रेडियो नेपालमा शास्त्रीय संगीतको कार्यक्रम चलाउन खोजे । तर, उनले सकेनन् । अचेल भारतको शास्त्रीय संगीतका कार्यक्रममा उनी सरोद बजाउन पुग्छन् । धेरैजसो उनलाई भारतमा बोलाइन्छ । भारतका अधिकांश सहरमा आयोजना हुने कार्यक्रममा उनले सरोद बजाएका छन् ।

सुदर्शन भारतमा सरोदवादकका रूपमा निकै चर्चित छन् । कार्यक्रमकै दौरानमा उनी भारतको









त्रिशूल घोप्दा त्यहाँबाट तीन धारामा पानी निस्कियो र नजिकैको गहिरो स्थानमा जमेर अहिलेको कुण्ड बन्यो । त्यही त्रिशूल धाराबाट निस्केको पानी पिएर नजिकै बनेको कुण्डमा सुतेर शिवले विषको पीडा शमन गरे भन्ने कथा सुनिन्छ । कुण्डमा सुतेर शिवले विषको पीडा शमन गरे कि गरेनन्, थाहा भएन । तर, लगातारको हिँडाइबाट उत्पन्न हाम्रो थकान भने त्रिशूली नदीको उद्गमस्थल गोसाइँकुण्ड र नजिकैको भैरवकण्ड देखेपछि त्यत्तिकै कता बिलायो, कता !

यो पदयात्रा एकातिर धार्मिक आस्थाका कारण महत्त्वपूर्ण छ भने अर्कातिर प्राकृतिक सुन्दरता र अनौठो विकट भूगोलका कारण पनि रोमाञ्चक छ । तसर्थ, धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको संगम नै हो गोसाइँकुण्ड यात्रा भन्दा अत्युक्ति नहोला ।

पहिले-पहिले दशहरा र जनैपूर्णिमामा मात्र भिडभाड हुने गोसाइँकुण्ड पदयात्रामा हिजोआज पुस, माघ र फागुन महिनाबाहेक प्रायः पदयात्रीको चाप उस्तै हुन्छ । काठमाडौंदेखि धुन्चेसम्म जान नुवाकोटको सदरमुकाम विदुर हुँदै जानुपर्छ । विदुरसम्म पुग्न तीनवटा सडक चल्तीमा छन् । काठमाडौंको बालाजुदेखि ककनी, रानीपौवा हुँदै जाने सडक सबैभन्दा पुरानो हो । तर, हाल यो सडक त्यति चल्तीमा छैन र अन्य सडकभन्दा अलि लामो पनि छ । काठमाडौंबाट धादिङको गल्छी पुगेर त्यहाँबाट देवीघाट हुँदै विदुर जोडिने यो सडक चल्तीमा छ । कतिपय पदयात्रीले यही सडक प्रयोग गर्छन् । अहिले सबैभन्दा बढी चलेको सडकचाहिँ काठमाडौंको टोखाबाट शिवपुरी राष्ट्रिय निकुञ्जको गुर्जेभन्ज्याङ, नुवाकोटको छहरे, ढिकुरे हुँदै जाने सडक हो । जब रसुवाको सदरमुकाम धुन्चे नजिकिँदै जान्छ, तब यो सडकको दुरावस्था सुरु हुन्छ । दैनिक हजारौं स्वदेशी तथा विदेशी पर्यटकले यात्रा गर्ने सकडको यो कन्तबिजोगबारे स्थानीय, प्रदेश र संघ तीनै तहका सरकार र जनप्रतिनिधिहरू बेखबर देखिन्छन् । चीनसित हुने आयात-निर्यात यही नाकाबाट हुने भएकाले पनि यो सडकको मर्मत तत्काल गर्नुपर्ने खाँचो देखिन्छ ।

■ होटेलको अवस्था

गोसाइँकुण्डसम्मको पदयात्रामा ठिकठिक दूरीमा होटेल तथा लज सञ्चालित छन् । घट्टेखोला, खेन्दी, देउराली, डिम्सा, चन्दनबारी, चोलाडपाटी, लौरीविना र गोसाइँकुण्ड गरी फरक-फरक १० स्थानमा सुविधासम्पन्न होटेलहरू छन् । जसले गर्दा खाना र वासको कुनै चिन्ता छैन । जतिजति उकालो बढ्दै जान्छ, होटेलको खाना र वासको मूल्य पनि त्यति नै बढ्दै जाँदो रहेछ । पदयात्राका क्रममा पुगिने हरेक होटेलमा लगभग एकैप्रकारको खानाको 'मेनु' भेटियो । खानामा कुनै भेराइटी छैन । जहाँ खाँदा पनि एउटै होटेलमा खाइरहेजस्तो लाग्छ । खानाका सबै सामान धुन्चेबाट खच्चडले ओसार्नुपर्ने रहेछ । तर, स्थानीय वन तथा करेसामा लहलहाइरहेको सिस्नु, स्थानीय बारीमा खेती हुन सक्ने फापर आदिको प्रवर्द्धनतर्फ चाहिँ कसैको पनि ध्यान गएको देखिएन । सिस्नु र फापरको ढिँडोको स्वाद चखाउन पाए एकातिर स्थानीय उत्पादनको बजार प्रवर्द्धन पनि हुने र अर्कातिर पदयात्रीले फरक अर्गानिक खानाको स्वाद लिन पनि पाउने थिए । यसतर्फ होटेल सञ्चालक, रैथाने किसान तथा स्थानीय सरकारले पहल गर्नुपर्ने देखिन्छ ।

■ फोहोरको समस्या

पदमार्गमा पदयात्रीको चाप जतिजति बढ्दो छ, यो मनोरम प्राकृतिक भूभागमा फोहोरको मात्रा पनि त्यति नै बढ्दो क्रममा छ । यहाँ पनि ठाउँ-ठाउँमा फोहोर फाल्ने ठाउँ बनाइदिएको भए पनि जथाभावी फोहोर फालेको पाइन्छ । जताततै चकलेट, चाउचाउ आदि जंकफुडको प्याकेट, मिनरल वाटरका बोतल, रेडबुलका क्यान आदि फ्याँकिएको भेटिन्छ । पदमार्ग सफा राख्न सघाउनु आफ्नो पनि दायित्व हो भन्ने पदयात्रीले भुसुक्कै बिर्सँदा यो समस्या आएकोमा शंका छैन । होटेलमा बाहेक अन्यत्र सार्वजनिक शौचालयको पनि अभाव रहेछ । फोहोरको समस्या पदमार्गसँगै पवित्र गोसाइँकुण्डमै पनि उत्तिकै रहेछ ।



सुदर्शनले बजाएको सरोदको धुन भारत, चीन, पास्किस्तानलगायत धेरै ठाउँमा बजिसकेको छ । थुप्रै मानिस उनले बजाएको सरोदको धुनमा लोभिएका छन् । तर, नेपालमा भने उनी गुमनाम जस्तै छन् ।

वेस्ट बंगालका अधिकांश स्थान पुगेका छन् । 'सरोदवादक भारतमा पनि कमै छन् । त्यहाँ मलाई जुनसुकै कार्यक्रममा बोलाउँछन् । तर, नेपालमा चाहिँ कसरी गुमनाम भएँ, थाहा छैन । शास्त्रीय संगीतलाई भारतले माया गर्छ । त्यहाँको कलासंस्कृतिप्रति सरकारले देखाएको उदारता अचम्मलाग्दो छ,' उनले भने ।

चार दशकदेखि संगीत साधनामा लागेका उनले भारतबाट विभिन्न सम्मान पाएका छन् । भारतको एनआरबी फाउन्डेसनबाट उनी सम्मानित भए । भारतको पश्चिम बंगाल सरकारबाट समेत सम्मानित भइसकेका छन् । गुजरातमा सुरिल साँझका तर्फबाट स्वर्णपत्र पाए ।

नेपालमा शास्त्रीय संगीतको कार्यक्रम निकै कम हुने उनी सुनाउँछन् । राज्यले शास्त्रीय संगीत बुझ्न नसकेको उनको गुनासो छ । 'नेपालमा प्रतिभा देखाउने स्थान छैन । नेपालमा कलाकारिताको कदर हुँदैन । मैले संगीतमा जीवन समर्पित गरेँ । तर, कला प्रदर्शन गरेर नेपालमा ज्यान पाल्न सकेको छैन,' उनी भन्छन्, 'कलालाई राज्यले बुझ्नैकै छैन ।'

रेडियो नेपालले शास्त्रीय संगीतको विभाग हटाउँदा उनको मन खिन्न भयो । रेडियो नेपालका तबला, सितार, सरोदजस्ता बाजा कुहिएर बसेको उनको भनाइ छ । 'शास्त्रीय संगीतका कार्यक्रम हुँदैनन् । यहाँ पनि शास्त्रीय संगीतको कार्यक्रम भए हामीजस्ता कलाकारलाई बाँच्न सजिलो हुन्थ्यो । तर, अहिले भारतकै भर पर्नुपरेको छ,' उनले भने ।

नेपालको चाडपर्वमा शास्त्रीय संगीतको प्रयोग गरिन्छ । दैसैं र तिहारमा मालश्री धुन बजाइन्छ । त्यसैले पनि यो बाजा बजाउनेले जागिर नपाएको उनको अनुभव छ । नेपालमा शास्त्रीय संगीतका अधिकांश वाद्यवादक बेरोजगार रहेको उनी सुनाउँछन् । शास्त्रीय संगीत बजाउने ठाउँ नहुँदा धेरै भौंतारिनुपरेको उनको भनाइ छ ।

'शास्त्रीय संगीतमा लागेर मैले धन सम्पत्ति कमाएको छैन । घरपरिवार पाल्न पुगेको छ । सामान्य जीवन बिताइरहेको छु,' उनी भन्छन्, 'मलाई त्यति धेरै सम्पत्तिको लोभ पनि लाग्दैन । सामान्य जीवनमै रमाउने मान्छे हुँ ।'

सरोद बजाउन रहरले मात्रै नहुने उनको अनुभव छ । उनको अनुभवले भन्छ- सरोद बजाउने रहरले होइन, मनले हो । यसका लागि साधना नै मुख्य कुरा हो । ध्यान चाहिन्छ । भित्रैदेखि तपस्या गर्नुपर्छ । नत्र धुन निस्किँदैन ।

सरोद बजाउनु कठिन कलाको रूपमा लिन्छन् उनी । भन्छन्, 'सरोदले मान्छेको मनमा आनन्द तुल्याउँछ । तर, सिक्न पनि उत्तिकै खर्चिलो छ । यो कला अँगाल्न जोकोहीले सक्दैन ।'

सरोद जति बजायो, उति नै निखारता आउने उनको अनुभव छ । 'एक महिना बजाएर पोख्त हुन्छु भनेर सम्भव छैन । यसलाई त्याग र तपस्या दुवै चाहिन्छ,' उनी भन्छन्, 'दिनरात नभनी लाग्नुपर्छ । यो सिक्नका लागि भित्री मनदेखि आउनुपर्छ ।'

नयाँ पुस्तालाई बुझ्नेर मात्रै सरोद सिक्न सुझाउँछन् सुदर्शन । उनैले सिकाएका विद्यार्थी पनि सिक्दासिक्दै भागेका छन् । त्यसैले उनी सिक्नुअघि नै सजग गराउँछन् । 'तर, यसलाई मिहिनेत चाहिन्छ । आफैंलाई समर्पित गर्नुपर्छ,' उनले भने ।

संगीतले जीवन जिउन मद्दत गर्ने सुदर्शनको बुझाइ छ । संगीतले मानिसलाई नयाँ तरिकाबाट जीवन अघि बढाउन मार्गनिर्देशन गर्छ । उनले संगीतबाट जीवन जिउने नयाँ तरिका सिके । भन्छन्, 'जीवनका अप्ठ्यारालाई चिर्दै अडिग भएर शास्त्रीय संगीतमा अघि बढ्नै ।'

उनका नेपाली र नेवारी गरेर 'पलपल', 'पानीसरी', 'त्यो रात', 'नसला', 'हसना', 'छन्ह', 'निन्ह', 'छगु' 'मतिना'लगायत सरोदका धुन रहेका क्यासेट बजारमा आइसकेका छन् ।

प्रस्तुति : **पवन बराइली**

अलबिदा प्रो. जिएन साइबाबा



● **वामदेव क्षेत्री (घिमिरे)**



सम्झना

भनिन्छ, वर्गीय साइनो रगतको भन्दा गाढा र दिगो हुन्छ । तपाईंको जेलभित्रको मृत्युले स्तब्ध बनाएको छ । तपाईंप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । अक्सर मृत्युपछि जीवन र जीवनपछि मृत्यु हुनु प्राकृतिक नियम हो भन्ने बुझ्दाबुझ्दै पनि लामो समय सहकार्य गरेको सहयोद्धा कमरेडको मृत्युको खबर सुन्दा ठुलो चोट पुगेको छ । तपाईं दिल्ली विश्वविद्यालय र म जवहारलाल नेहरू विश्वविद्यालय रहे पनि वर्गीय नाताले हामी नजिक थियौं र क्रान्तिकारी आन्दोलन र अध्ययनको सामग्री साटासाट गर्दै खाना खान बसेको याद झलझल आउँछ । असह्य पीडाबोध पनि हुन्छ ।

मृत्युपछि मानिसको मूल्यांकन गर्दा अलि मनोगत हुने पनि गर्छ । तर, मलाई के डर लागिरहेको छ भने क.जीएन साइबाबाबारे मूल्यांकन गर्दा उहाँको अतिमूल्यांकन र इक्जोरसन होइन, सही मूल्यांकन गर्नुपर्छ भन्ने लाग्छ । प्रजातन्त्रको खोल ओढेको भारत सरकारले त्यहाँका प्रगतिशील बुद्धिजीवी, लेखक, कलाकारलाई जेलमा बन्धक बनाएर राखेको खबरले पीडा भएको थियो । तपाईं अपांग हुनुहुन्थ्यो । वरवर राव बिमारीले पीडित हुनुहुन्थ्यो । गौतम नवलेखा तीनैजना मेरा मित्र कमरेडहरू नागपुरको जेलमा भएको थाहा थियो । तपाईं अपांग भएकाले ह्विलचेयरमा कसरी जेलभित्र बस्नुभयो होला भन्ने लागिरह्यो । झट्ट हेर्दा विचार र अपांगताको सम्बन्ध नभएजस्तो देखिन्छ । तर, यी दुई पारस्परिक सम्बन्धले नै अपांगतालाई सांगमा बदलिदिँदो रहेछ । सही विचार नभएकाहरू पूर्ण स्वस्थ, बलिया हृष्टपुस्ट भए पनि साना-साना कुरामा निराश भएर आत्महत्याको निर्णयमा पुग्छन् । सही विचार समातेकाहरू बाँच्नु मात्र महान् उद्देश्य मान्दैनन्, बलिदान दिन पनि पछि हट्दैनन् । संसार बदल्न लागिपर्नेमध्येका साहसी बुद्धिजीवी तपाईं पनि हो ।

दिल्लीको जन्तरमन्तरको प्रदर्शनबाट तपाईं र मलाई गिरफ्तार गरी प्रतिक्रियावादीका भरौटेहरूले फरिदावाद बोर्डरमा लगेर छोडे । तपाईं ह्विलचेयरमा हुनुहुन्थ्यो । अपांग हुँदाहुँदै पनि प्रतिक्रियावादीको अमानवीय व्यवहारले तपाईं कत्ति विचलित हुनुभएन । तपाईंको आत्मबल देख्दा मलाई पनि प्रेरणा मिल्यो । वर्गीय मुक्तिको लडाइँमा हामी दुवै अलग-अलग देशका भए पनि आत्मीयता र वर्गीय घनिष्टता बढी थियो । वर्ग संघर्षको भीषण आँधीमय अवस्थामा हाम्रा विचार र जनताबिचको सम्बन्ध समान थियो । नेपालको जनयुद्धमा भारतीय बुद्धिजीवीहरूको ठुलो भूमिका थियो । त्यसमध्येमा प्रो. क. जीएन साइबाबा एक हुनुहुन्थ्यो । हामी दिल्लीको प्रशासनको निगरानीमा थियौं । गौतम नवलेखा, आनन्दस्वरूप बर्मा अर्का भूमिगत नेता क. राना र नेपालको तर्फबाट मलाई प्रशासनले प्रत्येक क्रियाकलापमा निगरानी गर्‍यो । प्रो. जिएन साइबाबालाई पटक-पटक गिरफ्तारी गर्ने र छोड्ने गरेको थियो । क. जिएन साइबाबा र म नेपालको जनयुद्ध र भारतको पिपुल्स वारबारे घन्टौं छलफल गर्थ्यौं । दुवैमा समानता र भिन्नताबारे पनि छलफल हुन्थ्यो । तर, उहाँ सधैं नेपालको जनयुद्धप्रति सकारात्मक हुनुहुन्थ्यो ।

> वर्गीय मुक्तिको लडाइँमा हामी दुवै अलग-अलग देशका भए पनि आत्मीयता र वर्गीय घनिष्ठता बढी थियो । वर्गसंघर्षको भीषण आँधीमय अवस्थामा हाम्रा विचार र जनताबिचको सम्बन्ध समान थियो ।

प्रसंग बदलौं, तपाईं र कवि वरवर राव कोभिड-१९ बाट संक्रमित भएको खबर क. रोनामार्फत थाहा पाएको थिएँ । तपाईंहरूको जेलभित्र रेखदेख राम्रो नभएको अनुभूति हुन्थ्यो । शासक कति कठोर हृदय र कमजोर दिमागका हुन्छन् भन्ने कुरा तपाईंहरूको अवस्था हेरे पुग्छ । विश्वसामु आफूलाई प्रजातन्त्रको हिमायती देखाउने शासकवर्ग कलम चलाउने, गीत गाउने ८३ वर्षीय बराबर राव र अपांग तपाईंसँग डराइरहेको छ ।

सन् १९९८ तिरको कुरा हो, नेपालको जनयुद्ध तीव्र गतिमा अगाडि बढिरहेको थियो । म इन्टरनेसनल सोलिडारिटी फोरम अफ नेपालको संयोजक थिएँ । पार्टीले जनयुद्धलाई समर्थन जुटाउन बनाएको मोर्चा थियो त्यो । म दिल्लीमा कार्यरत हुँदा नेपालको जनयुद्धलाई सहयोग गर्ने प्रो.क. जीएन साइबाबा, लेखक गौतम नवलेखा, आनन्द स्वरूप बर्मालाई भुल्न सक्दिनँ । त्यतिबेला प्रशान्त झा, सुदन भदौरिया, अजित झा, डा. कमलमित्र चिनोही, प्रो. मनोरजन मोहन्ती, अनुतोष मिश्रा, मनीष सिसोदिया, योगेन्द्र शर्मा, डा. अर्पणा, पिके शाही, डिबी त्रिपाठी, डा. आनन्द कुमारलगायत विभिन्न राजनीतिकर्मी, बुद्धिजीवी, मानव अधिकारवादी, पत्रकार, वकिलसँग काम गर्‍यौं, सँगै खायौं, सँगै नाच्यौं । अनेक मुद्दामा चर्को स्वरमा बहस गर्थ्यौं । नेपालको राजतन्त्र अन्त्यका लागि हुने आन्दोलनमा सबैको ऐक्यबद्धता रह्यो ।

भारतको नक्कली प्रजातन्त्रवादी सरकारले मलाई २००१ सेप्टेम्बर ७ मा दिल्लीमा गिरफ्तार गरी रातारात नेपालमा शेरबहादुर देउवाको सरकारलाई सुपुर्दगी गर्‍यो । यिनी सबैलाई मेरो हत्या हुन्छ भन्ने चिन्ता थियो । सिपिआई, सिपिएनलगायत कम्युनिस्ट घटक, स्वतन्त्र बुद्धिजीवी, पिपुल्स युनियन फर डेमोक्रेसी राइट, पिपुल्स युनियन फर सिविल लिबर्टी र स्वयं सुप्रिम कोटका मुख्य न्यायाधीश बिएम तारकुण्डे र कंग्रेस(आई) सित पनि मेरो राम्रो सम्बन्ध भएकाले मेरो गिरफ्तारीलाई लिएर उहाँहरू सबैले त्यतिबेला आवाज उठाउनुभयो । भारतको संसद् नै अवरुद्ध भयो । साथीहरूले दिल्लीमा ठुलो आन्दोलन गरे । मलाई सार्वजनिक गर्न बाध्य पार्न र राजतन्त्रको अन्त्यका लागि भारतीय बुद्धिजीवी, पत्रकार, मानव अधिकारवादी, राजनीतिक दल आन्दोलित छन् भन्ने आभास दिलाए । यो मेरो अथक मिहिनेतको उपज थियो । मेरो सम्पत्ति थियो । कतिपय साथीसित अहिले पनि इमेल र ह्वाट्सएपमार्फत सम्पर्क हुन्छ । यिनीमध्ये प्रो. जिएन साइबाबा र सीताराम यचुरी दुवैको मृत्यु भएको छ ।

आनन्दस्वरूप बर्मा अशक्त हुनुहुन्छ । अरू क्रान्तिकारी आन्दोलनसित जोडिएका साथीहरूलाई जेल हालिएको छ । त्यहाँको सरकारले अहिले ८३ वर्षीय वरवर रावलाई जेलमा राखेको छ । तपाईंहरूले पाउनुभएको जेल यातना, आजीवन, कारावास कतै मृत्यु सजायमा परिणत त हुँदैन भन्ने आशंकाले मन चिसो बनाएको थियो । सत्य अवश्य बाहिर आउनेछ । जनयुद्धको आधारभूमिमा क. वरवर राव रोल्पा आउनुभयो । म त्यही क्षेत्रमा कार्यरत हुँदा र भेट्दा खुसी लाग्यो । अहिले रोल्पाली भूमिबाट जनयुद्ध लडेको पार्टी तपाईंहरूप्रति बेखबर छ । नेपालको पत्रिका र दिल्लीबाट प्रकाशन हुने हिन्दुस्तान र जनसत्तामा भावनात्मक लेख लेखेर भए पनि तपाईंहरूको रिहाइको माग गरौं । यसैबिच अचानक मैले अरुन्धती रायको अंग्रेजीमा लेखेको पत्र पढ्न पाएँ र मन थाम्न सकिनँ । उहाँमार्फत तपाईंको खबर पाइरहेँ ।

म हापुरको वार्तामा जेलबाट छुटेको थाहा पाएर गौतम नवलेखा दिल्लीबाट पद्मरत्न तुलाधरको सम्पर्कबाट काठमाडौं आएर मलाई हिमालयन होटेलमा भेटेको सम्झन्छु । कति स्नेह थियो । मैले त्यहीबेला प्रो. जीएन साइबाबा र आनन्दस्वरूप बर्माबारे सोधेँ । जीएन साइबाबाले बनाएको आँपको अचारसित सँगै खाना खाएको प्रसंग जोडेँ र अहिले पनि त्यो दिन स्मरण भएको छ । जे होस्, नेपालको वर्गसंघर्षमा उहाँहरू मात्र नभएर त्यतिबेला सत्ताबाहिर भएका पार्टीको पनि भूमिका ठुलो थियो । त्यसमध्ये प्रो. एसडी मुनी पनि एक पात्र हुन् । तपाईंहरूको भौतिक जीवनको ग्यारेन्टी छैन, उनीहरूले कुनै पनि बाहनामा तपाईंहरूको हत्या गर्न सक्छन् भनेको लेख अहिले स्मरण गर्दै छु । कतै यातनाबाट तपाईंको हत्या भएको त होइन ? तपाईंहरू आतंकवादी पनि होइन, अपराधी पनि होइन, प्रगतिशील विचारको पंक्तिमा उभिनुभएको लेखक बुद्धिजीवी भएकाले न्यायप्रेमी जनताको माझबाट तपाईंहरूमा उच्च सम्मान छ ।

बौद्धिक श्रम विशेष किसिमको श्रम हो । फेरि श्रम नै उत्पादनको सारतत्त्व हो । दिमागबाट गर्ने श्रम बिर्सिदिन्छौं । यसरी समाज रूपान्तरण गरिने साहित्यकलालगायत सिर्जनाको बौद्धिक कर्मबाट उत्सर्जित प्रगतिवादी गुणात्मक परिवर्तनलाई बदनाम गर्ने प्रयास भएका छन् । आतंकवादको हाउगुजी बनाउँदै क्रान्तिबारे सर्वसाधारण मजदुर किसान वर्गमा भ्रम पार्ने काम भएको छ । वस्तुवादी ढंगले यथार्थको सही मूल्यांकन गर्ने क्षमताको विकास गर्नु श्रमजीवी बुद्धिजीवीहरूका निम्ति आज पनि विशेष महत्त्व छ ।

खासगरी जीएन साइबाबा र मबिच यिनै गम्भीर मुद्दामा बहस चलिरहन्थ्यो । मानसिक यातना दियो । साइबाबाको मृत्यु भइसक्यो । बाँकी रहेका बुद्धिजीवी कलाकारलाई छोडिएन भने भारत मात्र होइन, विश्वका प्रगतिशीलहरूले भारतीय शासकवर्गप्रति घृणा गर्नेछन् । बौद्धिक शक्तिसँग शासकवर्ग कति डराउने रहेछ भन्ने यही प्रमाण हो । तपाईंहरूको विचारलाई प्रतिक्रियावादीले रोक्न सक्नेछैन । तपाईंले सिर्जना गरेका साहित्य भारतमा मात्र नभएर विश्वभर लाखौं, करोडौंबिच गुञ्जिरहनेछ । पुनः प्रो.का. जीएन साइबाबाप्रति नेपाली जनताका तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै जेलभित्र रहेका कमरेडहरूले स्वास्थ्यको ख्याल गर्दै उच्च मनोबल बनाउनुहोला । विजय तपाईंहरूको हुनेछ ।



रवि मिश्र
@rabimishra



कमजोर स्क्रिप्टको जगमा नेपाली सिनेमा

एक महिनासम्म झुरै स्क्रिप्ट लेखेँ तापनि राम्रो लेखेँ भन्ने महसुस भइरहन्छ

फिल्म निर्देशक अविनाशविक्रम शाहको सर्ट फिल्म 'लोरी'ले कान्स फिल्म फेस्टिभलमा अवार्ड जितेर इतिहास रच्यो। 'लोरी' आधिकारिक छनोट भएको पहिलो नेपाली फिल्म थियो। पटकथा लेखनमा अविनाशको खुबी अझ विशेष मानिन्छ। निर्देशक शाहसँग सिनेमाको पटकथा वरिपरि रहेर **पवन बराइली**ले गरेको कुराकानी :



प्रविधि



● अविनाशविक्रम शाह
निर्देशक

सिनेमा समाजका लागि शक्तिशाली उपकरण हो। सिनेमा आममानिसले सजिलै बुझ्ने विधा पनि हो। सिनेमाबाहेक कलाको अरू माध्यमले सायदै गहिरो अनुभूत गराउँछ। बोलेर वा लेखेर भन्न नसक्ने कुरा सिनेमाबाट सजिलै भन्न सकिन्छ। कथालाई एकदमै प्रभावकारी रूपमा सिनेमामार्फत भन्न सकिन्छ। त्यसैले पनि समाजका लागि सिनेमा आवश्यक छ। भारतीय निर्देशक सत्यजित रेको पुरानो सिनेमाहरू हेर्दा हिजोको समाज देख्न सक्छौं। हिजोको विश्व कस्तो थियो ? समाज कस्तो थियो ? राजनीति कस्तो हुन्थ्यो ? भनेर कल्पना गर्छौं। ती सबै उनको सिनेमामा देखिन्छ। त्यसकारण पनि समाजका लागि सिनेमा महत्त्वपूर्ण छ।

पटकथा लेख्दै र सिक्दै आइरहेको छु। त्यसैले म आफूलाई फिल्म निर्देशकभन्दा पनि पटकथा लेखक ठान्छु। मैले फिचर फिल्म 'एलिफेन्ट' र 'झ्यालिन्जा' निर्देशन गरेको छु। यी सिनेमाको पात्र आफै हुँ। कहिले म मेरी दिदीको कथा भन्छु, कहिले साथीको कथा भनिरहेको छु। मैले नजिकबाट देखेको, भोगेको कथा नै भन्छु। नजिकबाट देखेको कथा नै प्रभावकारी रूपमा भन्न सकिन्छ।

मलाई महिलाको व्यक्तित्वले आकर्षण गर्छ। 'झ्यालिन्जा'मा छोरीको कथा छ। मैले र मीन भामले मिलेर लेखेको फिल्म 'शाम्बाला'मा पनि महिलाको संघर्षको कथा छ। कथामा मेरो आफ्नो भोगाइ, हुर्काइ नै बढी आउँछ। आफूलाई छोएको कथा फिल्ममा आफैं भन्न मन लाग्छ।

हाम्रोमा स्क्रिप्ट राम्रो लेखिएन भन्ने गुनासो सुनिन्छ। नेपाली फिल्मको स्क्रिप्ट साँच्चै राम्रो छैन। यो ममा पनि लागू हुन्छ। मेरो पनि स्क्रिप्ट लेखाइ राम्रो छैन। हामी सबैजना स्क्रिप्ट लेख्न सिकिरहेका छौं। हामी महँगो तरिकाले स्क्रिप्ट सिकिरहेका छौं। हामी फिल्म बनाउँछौं, हलमा रिलिज गर्छौं, तर हलमा फिल्म चल्दैन। हामीले आफ्नो फिल्मको समस्या रिलिज भएपछि देख्छौं। त्यसपछि यसरी गर्नुपर्ने रहेछ भन्ने महसुस हुन्छ। म ढुक्क छु, नेपाली फिल्मको स्क्रिप्ट नै कमजोर छ। स्क्रिप्टलाई जति समय दियो त्यति नै राम्रो हुने हो। स्क्रिप्ट लेख्नलाई पर्याप्त समय चाहिन्छ।

एक महिनासम्म झुरै स्क्रिप्ट लेखेँ पनि राम्रो लेखेँ भन्ने महसुस हुन्छ। समय लिएर स्क्रिप्ट लेख्दा वस्तुगत दृष्टिकोण आउँदोरहेछ। जसले गर्दा स्क्रिप्टलाई माया गरेरभन्दा पनि आलोचनात्मक आँखाले हेरिँदोरहेछ। त्यसपछि स्क्रिप्टलाई विश्लेषण गर्न सकिँदोरहेछ। केही समय लेख्यो, फेरि केही समय ब्रेक गर्नुपर्छ। त्यसलाई वस्तुगत दृष्टिकोणले हेर्नुपर्दोरहेछ। तर, यस्तो बानी मेकरहरूमा छैन जस्तो लाग्छ। हामी स्क्रिप्टलाई समय कम दिएर सिनेमा बनाउँनेतिर लाग्छौं। मेकरहरू अलि हतार गरिरहेको देखिन्छ। तर, यसले राम्रो परिणाम दिँदैन।

मैले 'एलिफेन्ट' लेख्दा स्क्रिप्टको संरचना धेरैपटक भताभुंग पारेको छु। क्यारेक्टर, लोकेसन र सेटिङ उस्तै भए पनि फेरि सुरुवातबाट स्क्रिप्ट लेखेको छु। आफूलाई चित्त नबुझ्दासम्म स्क्रिप्टको संरचना नै भताभुंग गरिरहनुपर्छ। मैले लेखेको स्क्रिप्टचाहिँ राम्रो हुन्छ भन्न खोजेको होइन। समय लिएर लेख्यो भने वस्तुगत दृष्टिकोणले हेर्न सकिन्छ। वस्तुगत दृष्टिकोणले आलोचनात्मक भएर हेर्न मद्दत गर्दोरहेछ। जम्मा तेम्रो ड्राफ्ट लेखेर फिल्म बनाउन गयो भने ठिकठाक मात्रै बन्न सक्छ। फिल्मको जग भनेकै स्क्रिप्ट हो। घर कस्तो बनाउने भन्ने कुरा नक्साले निर्धारण गर्छ। त्यस्तै, फिल्म पनि कस्तो बन्छ भन्ने कुरा स्क्रिप्टले तय गर्छ।

> जम्मा तेम्रो ड्राफ्ट लेखेर फिल्म बनाउन गयो भने ठिकठाक मात्रै बन्न सक्छ। फिल्मको जग भनेकै स्क्रिप्ट हो। घर कस्तो बनाउने भन्ने कुरा नक्साले निर्धारण गर्छ। त्यस्तै, फिल्म पनि कस्तो बन्छ भन्ने कुरा स्क्रिप्टले तय गर्छ।

> हाम्रोमा स्क्रिप्ट राम्रो लेखिएन भन्ने गुनासो सुनिन्छ। नेपाली फिल्मको स्क्रिप्ट साँच्चै राम्रो छैन। यो ममा पनि लागू हुन्छ। मेरो पनि स्क्रिप्ट लेखाइ राम्रो छैन। हामी सबैजना स्क्रिप्ट लेख्न सिकिरहेका छौं।

नेपाली सिनेमा कमजोर स्क्रिप्टको जगमा उभिएको छ।

अहिले चलचित्र विकास बोर्डले 'स्क्रिप्ट डेभलपमेन्ट फन्ड' छुट्याएको छ। तर, यो त्यति प्रभावकारी देखिँदैन। नेपाली स्क्रिप्ट राइटरलाई बोलाएर ट्रेनिङ दिइन्छ। तर, नेपालको स्क्रिप्ट राइटरहरूलाई ट्रेनिङ दिने खालको विदेशी मेन्टर भिकाउनुपर्ने हो। चलचित्र विकास बोर्डको स्क्रिप्ट डेभलपमेन्ट फन्ड त्यता खर्च गर्न सकिन्थ्यो। विकास बोर्डले स्क्रिप्टलाई ध्यानमा राखेर राम्रो विदेशी स्क्रिप्ट डाक्टर वा मेन्टर ल्याएर तालिम चलाउन जरुरी छ। यसो गर्दा फिल्महरू राम्रो बन्थ्यो होला। चलचित्र विकास बोर्डले स्क्रिप्ट डेभलपमेन्ट फन्डमा छनोट भएका स्क्रिप्टलाई केही रकम दिएर बाँकी विदेशको स्क्रिप्ट विश्लेषक ल्याएर स्क्रिप्ट लेखाउने तालिम दिए राम्रो हुन्थ्यो होला ! त्यसले हाम्रो फिल्म राम्रो बन्न ठुलो सहयोग पुथ्र्यो।

अहिले नेपाली सिनेमाको विश्व मञ्चमा सुखद उपस्थिति छ। विश्वलाई हाम्रो सिनेमाले नेपालको भाषा, संस्कृति र समाजलाई चिनाइरहेको छ। कान्स, बर्लिन, टोरोन्टो, भेनिसजस्ता फेस्टिभलमा नेपालको प्रतिनिधित्व गरेर सिनेमा पुगेका छन्। यो नेपालका लागि आफैंमा ऐतिहासिक उपलब्धि हो। तर, हामीलाई चुनौती छ। यसमा राज्य पनि उत्तरदायी हुन जरुरी छ।

गत वर्ष 'लोरी'ले विश्व प्रतिष्ठित फिल्म फेस्टिभल कान्समा अवार्ड नै जित्यो। त्यो वेला मेरो फिल्म कान्समा छनोट हुनु नै ठुलो कुरा थियो। अवार्ड जित्नु धेरै परको कुरा थियो। त्यहाँ संसारका ठुला फिल्ममेकरहरूको उत्कृष्ट फिल्म पनि प्रतिस्पर्धामा थिए। त्यसबेला ५-६ हजार फिल्मबाट 'लोरी'सहित सातवटा फिल्म छानिएका थिए। यो नेपाली सिने उद्योगका लागि ठूलो उपलब्धि थियो। तर, फेस्टिभलमा फिल्म पुगेर मात्रै केही हुँदैन। मुख्यकुरा फेस्टिभलमा गएर हाम्रो फिल्म बिक्नुपर्छ। हाम्रो फिल्मलाई त्यहाँको टेलिभिजन, सेल्स एजेन्ट र वितरकले किन्नुपर्छ। हामी अझै पनि त्यहाँसम्म पुग्न सकेका छैनौं। हाम्रो स्किल यतातिर बढाउनुपर्छ जस्तो लाग्छ।

यसका लागि निरन्तरता जरुरी छ। यस्ता खालका फिल्म धेरैभन्दा धेरै बन्नुपर्छ। अहिले नयाँ फिल्ममेकरहरू आइरहेका छन्। तर, फाट्टफुट्ट मात्रै हाम्रो फिल्म पुगिरहेको छ। अझै उल्लेखनीय रूपमा काम हुन सकेको छैन। नेपालमा वर्षको झन्डै सय हाराहारी फिल्म बन्छन्। कथाहरू सबै आइरहेका छन्। तर, फिल्मले के भन्न खोजेको कुरा स्पष्ट हुनुपर्छ। अहिले संसारमा हजारौं संख्यामा फिल्म बनिरहेका हुन्छन्। संसारका फिल्ममेकरले नयाँ-नयाँ तरिकाबाट फिल्म बनाइरहेका छन्। हामीले पनि संसारका धेरैभन्दा धेरै फिल्म हेर्नुपर्छ। हाम्रो भाषा फरक होला, संस्कृति फरक होला, तर संसारको भावना एउटै छ। उनीहरूले कथा कसरी भनिरहेका छन् ? उनीहरूको कथा भन्ने शैली कस्तो छ ? यसबारे हामी पनि जानकार हुनुपर्छ। सिनेमामा कथा भन्ने शैली महत्त्वपूर्ण हुन्छ। यी सबै समिश्रण मिल्यो भने मात्रै राम्रो सिनेमा बन्न सक्छ।

माटोको सुगन्धसँग जोडिएका कथाहरूलाई विदेशी दर्शकले रुचाएका छन्। उनीहरूले कन्टेन्ट र प्रस्तुतिको शैलीलाई विशेष रूपमा हेरेका हुन्छन्। हाम्रो भाषा फरक होला, संस्कृति फरक होला, तर संसारभरका मान्छेको 'इमोसन कमन' हुन्छ। 'कालो पोथी', 'सेतो सूर्य', 'गाउँ आएको बाटो', 'शाम्बाला',' रेड सुडकेस'जस्ता फिल्ममा नेपाली सुगन्ध भेटिन्छ। विदेशीहरूको चासो पनि मौलिक कथातिर नै छ। हामीले विश्वका सिनेमा हेर्दा कलासंस्कृति, समाज, राजनीतिलाई बुझ्छौं। हामीले हाम्रो कथा पनि जरामा पुगेर भन्नुपर्छ। फिल्मले भन्न खोजेको कुरामा स्पष्ट हुनुपर्छ। निर्देशक रूपमा आफ्नो जीवन, समाज, राजनीतिप्रतिको दृष्टिकोण फरक हुनुपर्छ।

लगानी खोज्नुपर्ने बाध्यता

फिल्मका लागि लगानी प्रमुख हुन्छ। नेपाली निर्माताहरूले यस्ता खालको फिल्ममा लगानी गर्न चाहँदैनन्। हाम्राजस्ता फिल्म बनाउने निर्देशकलाई मूल धारका निर्माताले पत्याउँदैनन्। जसले गर्दा विदेशी लगानीकर्ता नै खोज्नुपर्ने बाध्यता छ। मीन भामलाई 'कालो पोथी'देखि 'शाम्बाला' बनाउन धेरै समय लाग्यो। यस्ता फिल्मका लागि नेपाली लगानीकर्ता भेटिँदैनन्। त्यसैले विदेशी लगानीकर्ता नै खोज्नुपर्छ।

राज्यको निकायबाट नेपाली सिनेमा लागि सहयोग एकदमै जरुरी छ। अहिले नेपाली सिनेमा अन्तर्राष्ट्रिय मञ्चमा एकपछि अर्को पुगिरहेको छ। तर, भविष्यमा यसले निरन्तरता पाउला भन्न सकिन्न। हामीले विदेशी फन्डका लागि मात्रै आशा गरिराख्नु हुँदैन। उनीहरूले एक समयमा पुगेर फन्ड नदिन सक्छन्। त्यसैले यस्ता खालका सिनेमालाई राज्यले फन्डका लागि रणनीति बनाउनुपर्छ। अनि मात्रै अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो उपस्थिति दीर्घकालीन हुन सक्छ।


नेपालमा फेस्टिभलमा गएको फिल्म विदेशी दर्शकलाई मात्रै बनाएको भन्ने बुझाइ छ। नेपाली दर्शकले एउटा खालको फिल्म हेर्दै आइरहेका छन्। त्यस्तै, फिल्म हेर्ने दर्शकमा बानी लागेको छ। सधैं हेरिरहेको फिल्मभन्दा फेस्टिभलमा गएका फिल्म फरक हुन्छ। त्यही फरक खालको भएर फेस्टिभलको फिल्म भनेर ट्याग लगाइएको छ।

अहिले हामीले नेपाली दर्शकका लागि मात्रै फिल्म बनाउनु हुँदैन। अहिले हामी यस्तै समयमा छौं। अहिले म फिल्मको कथा लेख्दा नेपालका लागि मात्रै भनेर सोच्दिनँ। मेरो फिल्म विश्वभरका दर्शकले हेर्नुपर्छ भन्ने सोचले लेख्छु। हामीले नेपालमा युरोप, अमेरिकाको म्युजिकलाई सुनिरहेका हुन्छौं। कुनै कलाकारको पेन्टिङ म्युजियममा गएर हेरिन्छ। त्यो पेन्टिङ नेपाली वा विदेशी भनेर छुट्याइँदैन। जसको भए पनि पेन्टिङ हेरिन्छ। सिनेमा पनि त्यस्तै हो। नेपाली सिनेमालाई पनि नेपाली र विदेशीले हेर्नुपर्छ। हामी सर्जकहरूले पनि त्यही सोचेर बनाइरहेका हुन्छौं।

अहिले दर्शकलाई एउटै खालको फिल्म हेर्ने बानी परेको छ। त्यसैले फेस्टिभलमा गएका फिल्म हेर्न असहज हुन सक्ला। तर, नवीन दाइ (नवीन सुब्बा)को 'गाउँ आएको बाटो'ले प्रमाणित गरिसकेको छ कि फेस्टिभलमा गएको फिल्मलाई पनि दर्शकले सजिलै बुझे। फेस्टिभलमा गएका फिल्महरू बुझ्न गाह्रो हुन्छ भन्ने भाष्य चिरेको छ। यो राम्रो संकेत हो।

के तपाईं 'ब्रेन-चिप'को लागि तयार हुनुहुन्छ ?

ब्रेन चिपले तपाईंको मस्तिष्कलाई नै परिवर्तन गरिदिनेछ



मानव जातिलाई नष्ट गर्न आणविक बम नै चाहिँदैन। अन्य उपाय पनि छन्। यदि तपाईंले 'ब्रेन चिप' लगाउन पाउनु वा सक्नुभएन भने आधुनिक संसारमा प्रतिस्पर्धा गर्न मात्रै होइन, अझ बाँच्न नै कठिन हुनेछ।

स्मार्टफोनको प्रचलन करिब-करिब सर्वव्यापी बनिसकेको छ। यो हाम्रा लागि अपरिहार्य एवं अनिवार्य मात्रै बनेको छैन, बरु तपाईंसँग स्मार्टफोन भएन भनेचाहिँ तपाईं 'अजिब' देखिनुहुनेछ। स्मार्टफोनलाई अस्वीकार गर्नुको अर्थ तपाईं 'गएगुज्रेको' पछौटे हुनुहुन्छ।

आफूसँग स्मार्टफोन हुनुका फाइदा र बेफाइदा दुवै छन्। एक समाजको रूपमा हामीले निष्कर्ष निकालिसकेका छौं- हामीसँग स्मार्टफोन हुनु समग्रमा निकै राम्रो कुरा हो। निःसन्देह, यसमा अथाह राशिको खेलो छ। स्मार्टफोन र ट्याब्लेटको विश्वव्यापी उपभोगमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा कति आर्थिक कारोबार हुन्छ कल्पना गर्नुस्। स्मार्टफोनको विशाल माग त छँदै छ, यसको निर्माणका लागि चाहिने कच्चा पदार्थ, त्यसलाई एसेम्बल गर्ने पूर्वाधार, त्यसको स्तोरन्नतीकरण, संसारभर पठाउने प्रबन्धनका मागका कुरा छन्। त्यसैगरी, ट्रान्समिसन लाइन, मोबाइल फोनका टावर र डाटा नेटवर्कका माग भए। यसैगरी 'अपरेटिङ सिस्टम'का माग, क्यामेरा सञ्चालन र ब्याट्रीको नियमन गर्ने 'मिडलवेयर'का माग, तपाईंले डाउनलोड गर्न खोज्ने हजारौं हजार एप(अनुप्रयोग)का माग। ती अनुप्रयोगमा देखिन आउने अनन्त प्रसार-सामग्रीका साथै करोडौं स्मार्टफोन तथा ट्याब्लेटका स्क्रिनमा देखिने विज्ञापन र तिनले लिने स्थानका विषय पनि छन्। यीबाहेक, यी सबैलाई कार्यशील बनाउन हामीलाई चाहिने ठुलो परिमाणमा ऊर्जाको मागको कुरो पनि आउँछ। यी उपकरणमा निर्भर नहुने चिज सायदै होलान्। तपाईं स्मार्टफोनविना रहन त सक्नुहोला। तर, निकै कठिन हुनेछ।

प्रविधि



● डान गेर्लेन्टर

'ब्रेन-इम्प्लान्टेड चिप्स' स्मार्टफोनजस्तै आम हुन धेरै समय लाग्नेछैन। दशक होइन कि केही वर्षको कुरा मात्र हो। यसपछि चिप 'प्याराप्लेजिक्स(शरीरमा पक्षघात भएका)' लाई स्वनिर्भरता दिन मात्रै प्रत्यारोपित हुनेछैनन्, अहिलेका स्मार्टफोनहरू जस्तै यी (इम्प्लान्टहरू) पनि बजारीकरण भएर सर्वव्यापी बन्नेछन्। अनि तपाईंले आफ्नो मस्तिष्कमा चिप लगाउन अस्वीकार गर्नुभयो भने भन्नेछन्, 'पाखे'।

'ब्रेन चिप्स (मस्तिष्कमा प्रत्यारोपण गरिने चिप)'का फाइदा आजका बाह्य उपकरणले प्रदान गरिरहेका लाभको तुलनामा कति हो कति हुनेछ। सोचेकै भरमा हामी हाम्रो आँखाले देख्ने कुनै पनि कुराको फोटो लिन, श्रीडीमा डिट्टो भिडियो लिन सक्षम हुनेछौं। सोचेकै भरमा साथीभाइलाई सन्देश प्रेषित गर्न समर्थ हुनेछौं। उनीहरूको जवाफ पनि हाम्रो दिमागमै प्रस्तुत हुन आइपुनेछ। हामीले परबाट नबोलीकनै साथीभाइसँग कुराकानी गर्न र यसरी गरिएका कुरा एक-अर्काका आवाजमा मस्तिष्कमै सुन्नेछौं। कुनै पनि भाषामा हामी जो-कोहीसँग कुरा गर्न सक्षम हुनेछौं। असीमित जानकारीलाई याद गर्न समर्थ हुनेछौं अनि मस्तिष्कमा प्रत्यारोपित चिप्सलाई सोधेर कुनै पनि तथ्य वा जानकारी तत्क्षण पुनः प्राप्त गर्न सक्नेछौं।

'वालेट वा फोन' नबोकीकनै खरिदारीको भुक्तानी गर्न सक्षम हुनेछौं। चिपका माध्यमबाट मस्तिष्कमा प्रवाहित संगीतलाई हामी आन्तरिक रूपमा नै सुन्न सक्षम हुनेछौं। यसरी नै चलचित्र हेर्नेछौं। साथै, ती चलचित्रमा हिस्सा लिन पनि समर्थ हुनेछौं। यस्तो 'भर्चुअल नयाँ जगत्'मा हामी पूर्ण रूपमा मनोरञ्जन प्राप्त गर्न समर्थ हुनेछौं। हामी जतिखेर चाह्यो उतिखेरै सुत्न सक्षम हुनेछौं। अनि यदि हामीलाई कहिल्यै आत्महत्याको विचार आयो भने तत्कालै मनोपरामर्श प्राप्त गर्नेछौं।

हामी विज्ञापन सीधै हाम्रा दिमागमा ठेल्न समर्थ हुनेछौं। अनि हाम्रा आँखासामुन्ने विज्ञापनका दृश्य छाउनेछन्, जसलाई 'प्रिमियम सदस्यतामा अपग्रेड' गर्ने बाहकले बन्द गर्न सक्नेछैनौं। हाम्रा स्मृतिहरू समाजको सर्वोपरि हित केन्द्रित भएर विशेषज्ञले निर्माण गरेका नीतिअन्तर्गत 'कृत्रिम बुद्धिमत्ता(एआई)ले व्यवस्थित गरिदिनेछन्। जसलाई रुसी प्रोपोगान्डा भनिन्छ, त्यस्ता जानकारीमा हाम्रो पहुँच नै हुनेछैन।

यदि हाम्रो दिमागमा कुनै आपराधिक विचार आयो वा कुनै प्रतिसांस्कृतिक धारणा उब्जिए भने ढिलो हुनुअघि नै ती समुचित अधिकारीसमक्ष सम्प्रेषित भइसक्नेछन्। अर्को शब्दमा भन्दा यो सम्पूर्ण डिस्टोपियन साइन्स-फिक्सन ड्रामा अर्थात् विज्ञान-कथामाथि निर्मित चलचित्रमा वर्णित हरदुःस्वप्न एकाकार भएर आएसरह हुनेछ।

यदि भोलि हाम्रो इन्टरनेट अचानक सधैंका लागि बन्द भयो भने हामी कति असहाय हुन्छौं होला ? कल्पना गर्नुस् त। हाम्रा जीवन, स्मृति र सम्बन्ध हाम्रा निमित्त अनलाइन स्मृतिमा भण्डारण भइसकेको छ। अनि, हामीलाई आफ्नो परम मित्रको समेत फोन नम्बर याद छैन। न हामीलाई कसरी उच्चारण गर्ने नै थाहा छ। किनकि, हामीलाई जरुरत नै पर्दैन।

तर, प्रविधिको माध्यमबाट सबै मानवीय 'सीमा'पार गरेको 'ट्रान्सह्युम्यानिज्म' तब खतरनाक बन्न पुग्छ, जब मानिस त्यस प्रविधिबाट वञ्चित हुन पुग्छ, त्यो उसका लागि असुविधाजनक मात्र होइन, कुनै कुरा गर्न नसक्ने गरी त्यसबाट ऊ निकम्मा नै बन्न पुग्छ।

एउटा यस्तो संसारको कल्पना गर्नुस्, जहाँ हाम्रा साथीभाइका फोन नम्बर मात्र होइन, उनीहरूसँगका हाम्रा सम्पूर्ण अनुभवका साथै उनीहरूका नाम र अनुहारसमेत दुरस्थ सर्भरहरूले भण्डार गरी हाम्रा लागि सम्झिइदिनेछन्, र हाम्रा लागि जुनकुनै समय उपलब्ध गराउनेछन्। तबसम्म जबसम्म ती रहन्छन्। यी सबै चिप्स बन्द नहुन्जेलसम्म आफ्नो 'मेमोरी' प्रयोग गर्नु नपरेका वा आफ्नो तार्किकता प्रयोग नगरेका मानिसको त्यो पुस्तामा के बाँकी रहला, जब यी सबै चिप्स बन्द हुन्छन् ? तब त्यहाँ कुनै 'मानव' बाँकी रहला वा मानव नामका 'रित्ता खोल' मात्र बाँकी रहला ?

> यी प्रत्यारोपणले हामीलाई अद्भूत कार्य गर्न मद्दत गर्नेछन्। तर, डरलाग्दो पक्ष के भने तिनले मानवतालाई नै नष्ट गर्न सक्छन्।

मानव जातिलाई नष्ट गर्न आणविक बम नै चाहिँदैन। अन्य उपाय पनि छन्। यदि तपाईंले 'ब्रेन चिप' लगाउन पाउनु वा सक्नुभएन भने आधुनिक संसारमा प्रतिस्पर्धा गर्न मात्रै होइन, अझ बाँच्न नै कठिन हुनेछ। योविना तपाईंले अथाह जानकारी राख्न सक्नुहुनेछैन, तत्काल नयाँ कौशल सिकिहाल्न सक्नुहुनेछैन, जुनसुकै स्थानका जोकसैसँग पनि कुराकानी गर्न सक्नुहुनेछैन। तपाईं म्याद गुज्रिएको, एक अप्रचलित मानिस बन्न पुग्नुहुनेछ। तपाईं एक मात्र रहलपहल मानिस बन्न सक्नुहुन्छ। त्यसैले, तपाईंले 'ब्रेक चिप' लगाउनु नै उत्तम ठान्न सक्नुहुन्छ। तर, तपाईंलाई छनोटको विकल्प भएकोचाहिँ नबिर्सनुस् नि !

(आरजी नाइडरहोफर डिजिटलका प्रबन्धक गेर्लेन्टर कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङ विशेषज्ञ हुन्। वाल स्ट्रिट जर्नल(डब्लुएसजे)बाट ***नारायण शिवाकोटी****को अनुवाद।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १० कार्तिक ०८१

बक्यौता नतिर्ने उद्योगीका अन्य उद्योग र घरको लाइनसमेत काट्ने तयारी

जिबी टेक्सटाइल-१ र जिबी टेक्सटाइल-२, रोल्पा सिमेन्ट, सम्राट सिमेन्ट, शुभश्री अग्नि सिमेन्ट, नेसनल रबर इन्डस्ट्रिज, नारायण रबर उद्योग र एजी हेल्थ इन्डस्ट्रिजले बक्यौताको किस्ता बुझाउन सुरु गरेका छन्

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले विद्युत् महसुल बक्यौता नतिर्ने उद्योगका सञ्चालकहरूको लगानी रहेका अन्य उद्योग, कार्यालय तथा घरमा समेत लाइन काट्ने तयारी गरेको छ। लोडसेडिङका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत चौबिसै घण्टा विद्युत् उपभोग गरेर वर्षौंसम्म अर्बौं रुपैयाँ प्रिमियम महसुल नतिर्ने उद्योगमा प्राधिकरणले बिहीबार रातिदेखि फेरि लाइन काट्न सुरु गरेको छ।

बक्यौता बुझाउन बाँकी रहेका उद्योगहरूमा मात्र विद्युतको लाइन काट्दा बक्यौता नउठेको खण्डमा उनीहरूले लगानी गरेका अन्य उद्योगहरूमा पनि लाइन काट्ने तयारी प्राधिकरणले गरेको हो। त्यसपछि पनि बक्यौता नतिरेमा उद्योगीको घरमै समेत लाइन काट्ने रणनीति बनाइएको प्राधिकरणका एक उच्च अधिकारीले बताए। 'हामीले बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न सुरु गरिसकेका छौं, अझै बक्यौता तिर्न अटेर गरेमा उनीहरूका अन्य उद्योग तथा कार्यालयमा पनि लाइन काट्नेछौं, त्यति गर्दा पनि बक्यौता नतिरे घरमा पनि लाइन काट्नेछौं,' ती कर्मचारीले भने, 'यसका लागि कानुनले प्राधिकरणलाई पर्याप्त अधिकार पनि दिएको छ।'

प्राधिकरणले ४९ उद्योगलाई बिहीबार कार्यालय समयसम्म बक्यौता बुझाउन अल्टिमेटम दिएको थियो। तर, बिहीबार राति बक्यौता नतिर्नेमध्ये ३४ उद्योगमा लाइन काटिएको थियो। बक्यौताको किस्ता बुझाउन सुरु गरेपछि शुक्रबार बुटवलका दुई उद्योगको लाइन जोडिएको छ। अहिले ३२ उद्योगमा लाइन काटिएको प्राधिकरणले जनाएको छ।

बक्यौता बाँकी रहेका ४९ मध्ये ६ उद्योगले तोकिएको म्यादभित्रै पहिलो किस्ता बुझाएका थिए। सात उद्योगले अदालतबाट 'स्टे अर्डर' लिएको हुँदा लाइन काटिएको छैन। प्राधिकरणले बक्यौता नतिरेका उद्योगमा लाइन काट्न नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ र विद्युत् महसुल संकलन नियमावली, २०७८ ले दिएको अधिकार प्रयोग गरेको छ। विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा २३ मा पनि बक्यौता नतिर्ने ग्राहकको लाइन काट्ने व्यवस्था छ। विनियमावलीको विनियम १० मा पनि सोही व्यवस्था छ। मिटर रिडिङ गरेको ६०औं दिनसम्म विद्युत् महसुल नबुझाए विनासूचना जुनसुकै समयमा पनि विद्युत् लाइन काट्न सकिने व्यवस्था छ।

सम्बन्धित उद्योगीहरूका लगानी भएका अन्य उद्योग र घरमा लाइन काट्न पनि प्राधिकरणले विद्युत् वितरण विनियमावली, २०७८ ले दिएको अधिकार प्रयोग गर्ने जनाएको छ। 'समयमै महसुल नबुझाई बक्यौता बाँकी भएका ग्राहक वा निजको परिवारको सदस्यका नाममा नेपालभित्रको कुनै स्थानमा रहेको अन्य घरजग्गा, उद्योग-व्यवसायमा जडान भएको विद्युत् लाइनसमेत काट्न सकिनेछ,' विनियमावलीको विनियम ३१ को उपविनियम ३ मा भनिएको छ।



भैरहवाको घराना फुड्समा लाइन काट्दै प्राधिकरणका कर्मचारी

महसुल विवाद वार्ताबाट टुंग्याउन महासंघको आग्रह

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघले डेडिकेटेड फिडर र ट्रंकलाइनको भुक्तानी विवाद वार्ताबाट समाधान गर्न सम्बन्धित पक्षलाई आग्रह गरेको छ। विवाद लम्बाएर बारम्बार उद्योगहरूमा बिजुलीको लाइन काट्दा उत्पादन प्रभावित हुनुका साथै लगानीको वातावरणमा समेत प्रतिकूल असर पर्ने महासंघको ठहर छ।

'विवाद समाधानका लागि उद्योगहरूमा काटिएको बिजुली तत्कालै जडान गरी वार्ताद्वारा सबै पक्ष बसेर समाधान खोज्नु आवश्यक छ,' महासंघले विज्ञप्तिमार्फत भनेको छ, 'विभिन्न समयमा विभिन्न प्रक्रियाबाट बिजुली उपलब्ध गराइएको र उपभोग भए-नभएको विषयमा उद्यमी र विद्युत् प्राधिकरणबिच मतभिन्नता देखिन्छ, बिजुली उपभोगको प्रमाणका आधारमा अतिरिक्त विद्युत् महसुल भुक्तानी गर्न उद्यमीहरू तयार रहेको विदितै छ।' लाल आयोगको प्रतिवेदनलाई आधार बनाएर वार्ताका माध्यमबाट लामो समयदेखि अल्झिरहेको डेडिकेटेड फिडर र ट्रंकलाइनसम्बन्धी समस्या समाधान खोज्न विद्युत् प्राधिकरणको सक्रिय भूमिका आवश्यक रहेको महासंघले बताएको छ।



'हामी यो अधिकार प्रयोग गर्न नपरोस् भन्ने चाहन्छौं। तर, उद्योगीले बक्यौता तिरेनन् भने सो अधिकार प्रयोग गर्ने तयारीमा छौं,' ती अधिकारीले भने, 'यसबाहेक अन्य विकल्पहरू पनि प्रयोग गर्ने तयारीमा छौं। यसपटक कुनै पनि हालतमा बक्यौता असुल गरिछाड्ने हाम्रो योजना हो।'

यस्तै प्राधिकरणले बक्यौता नतिर्ने उद्योगीको लगानी रहेका सोलार पावर प्लान्ट र जलविद्युत् परियोजनाको भुक्तानीसमेत रोक्ने तयारीमा छ। बक्यौता नतिर्ने कतिपय उद्योगीले सोलार तथा जलविद्युत् परियोजना पनि सञ्चालन गर्दै आएका छन्। अब त्यस्ता परियोजनालाई दिइने भुक्तानी रोकेर हिसाब मिलान गर्ने प्राधिकरणका ती अधिकारीले बताए।

■ आठ उद्योगले सुरु गरे बक्यौता तिर्न

प्राधिकरणले पछिल्लोपटक अल्टिमेटम दिएका ४९ उद्योगमध्ये आठ उद्योगले किस्तामा बक्यौता तिर्न सुरु गरेका छन्। लाइन काटिएपछि शुक्रबार बुटवल वितरण केन्द्रअन्तर्गत रहेका जिबी टेक्सटाइल-१ र जिबी टेक्साटाइल-२ ले बक्यौताको पहिलो किस्ता बुझाएका छन्। ती उद्योगको क्रमशः ३५ लाख ३७ हजार र १४ लाख १२ हजार रुपैयाँ बक्यौता थियो। उनीहरूले शुक्रबार पहिलो किस्ता तिरेपछि विद्युत् लाइन जोडिदिएको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए।

बिहीबार रोल्पा सिमेन्ट, सम्राट सिमेन्ट, शुभश्री अग्नि सिमेन्ट, नेसनल रबर इन्डस्ट्रिज, नारायण रबर उद्योग र एजी हेल्थ इन्डस्ट्रिजले बक्यौता रकमको पहिलो किस्ता तिरेका थिए। सरकारी स्वामित्वका हेटौंडा र उदयपुर सिमेन्ट उद्योगले पनि किस्तामा बक्यौता तिर्ने गरी संवादमा छन्। यसर्थ, यी दुई उद्योगमा लाइन काटिएको छैन। अल्टिमेटम दिँदा सात उद्योगले विभिन्न अदालतबाट अन्तरिम आदेश लिएर बसेको हुँदा ती उद्योगमा लाइन काट्न नसकेको उपकार्यकारी निर्देशक सिलवालले बताएका छन्। जसमा रिलायन्स स्पिनिङ मिल्स, अरिहन्त मल्टिफाइबर, अरिहन्त पोलिप्याक, युनाइटेड सिमेन्ट, मारुती सिमेन्ट, शिवम् रघुपति जुट मिल्स रहेका छन्।

सगरमाथा निकुञ्जभित्र घोडामा पर्यटक बोक्न रोक

स्याङ्बोचेभन्दा माथिल्लो भेगमा व्यावसायिक प्रयोजनका हेलिकोप्टर उडानमा रोक लगाउन सगरमाथा राष्ट्रिय निकुञ्जको क्यानलाई पत्र

नवीन अर्याल/नयाँ पत्रिका

सगरमाथा राष्ट्रिय निकुञ्जको कोर क्षेत्रभित्र घोडामा पर्यटक बोक्न रोक लगाइएको छ। निकुञ्ज कार्यालयले शुक्रबार सूचना प्रकाशित गरी घोडाहरूको अनावश्यक हिँडडुल र चरिचरनले निकुञ्ज क्षेत्रको पर्यावरणमा नकारात्मक असर पर्ने भन्दै घोडा लैजान रोक लगाएको हो। कोर क्षेत्रमा रहेका घोडाहरू पनि सात दिनभित्र बाहिर लैजान घोडाधनीलाई अल्टिमेटम दिइएको छ।

स्थानीय घोडाधनीले सगरमाथा बेसक्याम्पतर्फ जाने पर्यटकलाई घोडामा बोक्दै आइरहेका छन्। निकुञ्जको अनुमतिविना घरपालुवा घोडाहरू हिँडडुल गराउने, चराउने, वास राख्नेजस्ता क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको विपरीत हुन्छ। विशेषगरी निकुञ्जको लार्चादोभान, लोबुचे, थुक्ला, गोरक्षेपजस्ता अतिसंवेदनशील भौगोलिक अवस्था भएको क्षेत्रमा घोडाहरूको हिँडडुल, चरिचरनजस्ता क्रियाकलापले सो क्षेत्रको संवेदनशील पारिस्थितिकीय प्रणाली, वन्यजन्तु तथा वनस्पतिमा नकारात्मक असर तथा प्रभाव पर्ने निकुञ्जको ठहर छ।

'निकुञ्जको कोर क्षेत्रभित्र निजी घोडाधनीले घरपालुवा घोडा पर्यटक बोक्ने प्रयोजनका लागि प्रयोग गरिरहेको पाइएको छ,' निकुञ्जको सार्वजनिक सूचनामा भनिएको छ, 'उपर्युक्त स्थानमा रहेका घरपालुवा घोडा सात दिनभित्र निकुञ्जको कोर क्षेत्रभन्दा बाहिर लैजान यो सूचना जारी गरिएको छ।' सूचनाअनुसार घोडाधनीले १५ कात्तिकसम्म सबै घोडा निकुञ्जबाट बाहिर लगिसक्नुपर्ने देखिन्छ। तोकिएको समयमा घोडा निकुञ्जबाहिर नलगे राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली २०३०, हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०३६ तथा अन्य प्रचलित कानुनअनुसार कारबाही हुने चेतावनी दिइएको छ।

खुम्बु पासाङल्हामु गाउँपालिका निकुञ्जको सूचना फेसबुकमा सेयर गर्दै सगरमाथा बेसक्याम्प जाने पर्यटकीय पदमार्गमा घोडाधनीले अनियमित काम गरिरहेको भन्दै निकुञ्जको सूचनाबमोजिम कोर क्षेत्रबाट घोडा तुरुन्त हटाउन अनुरोध गरेको छ। डा टेम्बा शेर्पाले फेसबुकमा कमेन्ट गरेका छन्, 'पर्यटनको कोर क्षेत्रभित्र घोडाले पहिल्यैदेखि दुःख दिइरहेका छन्, सबैतिरका घोडा पदमार्गमा हिँडाउँदा पूरै बाटो जाम भइदिन्छ। विदेशी पर्यटकले घोडालाई बाटो छोडिदिएन भने घोडाधनी उल्टै झगडा गर्न आउँछन्। पर्यटकलाई घोडामा बोकेर जबर्जस्ती बेसक्याम्पसम्म लैजाँदा अल्टिच्युड लागेर बिरामी पर्ने र हेलिकोप्टरबाट रेस्क्यु गर्ने काम भइरहेको छ।'



■ हेलिकोप्टर उडान रोक्न पत्राचार, हाई-इन्ड पर्यटनमा असर पर्ने

निकुञ्ज कार्यालयले ध्वनि प्रदूषणबाट वन्यजन्तुको आनीबानी र व्यवहारमा नकारात्मक प्रभाव पर्ने भन्दै निकुञ्ज क्षेत्रको स्याङ्बोचेभन्दा माथिल्लो भेगमा व्यावसायिक प्रयोजनका हेलिकोप्टर उडानमा प्रतिबन्ध लगाउन नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई पात्राचार गरेको छ। सगरमाथा राष्ट्रिय निकुञ्ज, भगवतीप्रसाद गुल्म र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको बिहीबार बसेको संयुक्त बैठकले स्याङ्बोचेभन्दा माथि व्यावसायिक होलिकोप्टर उडानमा प्रतिबन्ध लगाउनुपर्ने निर्णय गरेको हो।

निकुञ्ज कार्यालयको पत्रमा भनिएको छ, 'निकुञ्जको कोर क्षेत्रभित्र विभिन्न प्रयोजनका लागि दैनिक ५०औं संख्यामा हेलिकोप्टरको उडान तथा अवतरण भइरहेको हुँदा यसबाट निकुञ्ज क्षेत्रमा अनावश्यक ध्वनि प्रदूषण भई वन्यजन्तुको आनीबानी तथा व्यवहारमा समेत नकारात्मक असर तथा प्रभावहरू पर्ने देखिएकाले स्याङ्बोचेभन्दा माथिल्लो क्षेत्रमा व्यावसायिक प्रयोजनका लागि हेलिकोप्टर उडान-अवतरणमा निषेध गर्न अनुरोध गरिन्छ।'

खुम्बु क्षेत्रको पर्यटन जोगाउन निकुञ्जले अत्यन्त स्वागतयोग्य कार्यको थालनी गरेको खुम्बु पासाङ ल्हामु गाउँपालिकाको ठहर छ। निकुञ्जको सूचना फेसबुकमा पोस्ट गर्दै गाउँपालिकाले भनेको छ, 'यस कार्यलाई कार्यान्वयन गर्न स्थानीय सरकारको पूर्ण साथ-सहयोग रहनेछ, साथै स्थानीयस्तरका सबै संघ-संस्था र स्थानीयवासीले पनि कार्यान्वयनमा सहयोग गर्न अपिल गर्छौं।'

स्याङ्बोचेभन्दा माथिल्लो भेगमा हेलिकोप्टर उडानमा रोक लगाउँदा हाई-इन्ड पर्यटन मर्ने कोरा दुर्सका संस्थापक-सिइओ विजय अमात्यले बताए। अहिले खर्चालु पर्यटक लुक्लाबाट हेलिकोप्टर चढेर सर्वोच्च शिखर सगरमाथाको फन्को मारी फर्किने गर्छन्। 'समय कम हुने खर्चालु पर्यटक हेलिकोप्टरमा सगरमाथालाई फन्को मारेर कोइदे वा एभरेष्ट भ्यु होटेलमा ब्रेकफास्ट खाई फर्किने गर्छन्,' उनले भने, 'यदि होलिकोप्टर उडानमा रोक लगाइए कोइदे, कालापत्थर, बेसक्याम्प जाने हाई-इन्ड पर्यटक हुनेछैनन्।'

संक्षेप

अनुदान र सहुलियत वास्तविक किसानलाई मात्रै दिन्छौं : कृषिमन्त्री

काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले सरकारी अनुदान र सहुलियत वास्तविक किसानले मात्रै पाउने बताएका छन्। कृषि क्षेत्रको विकासका लागि सरकारले दिने अनुदान र सहुलियत ऋण वास्तविक कृषकले पाउने व्यवस्था मिलाउन आफू प्रयासरत रहेको उनले बताएका हुन्।

नेपाल चेम्बर अफ कमर्सले 'कृषिको विकासमा सरकारको १० वर्षे लगानी नीति' सम्बन्धमा शुक्रबार आयोजना गरेको छलफल कार्यक्रममा मन्त्री अधिकारीले सरकारी अनुदान र सहुलियत ऋणको सदुपयोग हुनुपर्नेमा जोड दिए। यस्तै, कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्न सरकार तयार रहेको मन्त्री अधिकारीको बताए। कार्यक्रममा चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले आफ्नो जमिन बाँझो राखेर झन्डै तीन खर्ब रुपैयाँ हाराहारीमा कृषिजन्य वस्तुहरू आयात हुनु मुलुकका लागि दुर्भाग्यपूर्ण भएको बताए। आत्मनिर्भर अर्थतन्त्र र खाद्य सुरक्षाका लागि धान, मकै गहुँ आलुजस्ता कृषिजन्य उत्पादनको वृद्धि गर्नुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिए।

होटेल संघ पोखरामा सुवेदी

कास्की/ होटेल संघ पोखराको अध्यक्षमा लक्ष्मण सुवेदी पुनः दोस्रो कार्यकालका लागि निर्विरोध चयन भएका छन्। संघको २१औं अधिवेशन तथा ४२औं साधारणसभाले सुवेदीको अध्यक्षतामा १२ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको हो।

समितिको प्रथम उपाध्यक्षमा दीपक श्रेष्ठ, द्वितीय उपाध्यक्षमा गणेशराज पहारी, महासचिवमा राजेन्द्र ढकाल र सचिवमा पार्वता पाण्डे, कोषाध्यक्षमा नेत्रप्रसाद पौडेल र सहकोषाध्यक्षमा वैभव पौडेल चयन भएका छन्। यस्तै, सदस्यहरूमा भरतराज शर्मा, डिल्लीराम गौतम, पञ्चम लामा, शिवराज पहारी र प्रतीकराज पहारी निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ। निवर्तमान अध्यक्ष एकजनासँगै निर्वाचित कार्यसमितिले चारजना सदस्य चयन गर्ने व्यवस्था छ। संघको निवर्तमान अध्यक्ष विकल तुलाचन हुन्।

बाढीले क्षति पुच्याएको खिम्ती-लामोसाँघु प्रसारणलाइन सञ्चालनमा

काठमाडौं/ १२ र १३ असोजको अविरल वर्षाका कारण तामाकोशी नदीमा आएको बाढीले बगाएको खिम्ती-लामोसाँघु एक सय ३२ केभी प्रसारणलाइनको टावरलाई आपत्कालीन पुनर्स्थापना प्रणाली (इआरएस) टावर प्रयोग गरी लाइन सञ्चालनमा ल्याइएको छ। नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता एवं भारप्रेषण केन्द्रका निर्देशक चन्दनकुमार घोषले शुक्रबार दिउँसो १.१५ बजे प्रसारणलाइनलाई चार्ज गरी सञ्चालनमा ल्याइएको बताए।

तामाकोशी नदीमा आएको बाढीले रामेछापको मन्थली नगरपालिका-१३, देवीटारस्थित खिम्ती-लामोसाँघु प्रसारणलाइनको ७ नम्बर टावर बगाएको थियो। टावर बगेपछि चारवटा टावरको तार (कन्डक्टर)मा पनि क्षति पुगेको थियो। टावर बगाएपछि उक्त लाइनबाट १३ असोजबाट विद्युत् प्रवाह बन्द हुँदा खिम्तीबाट काठमाडौं उपत्यकाको प्रसारणलाइन लिंक टुटेको थियो। उक्त लाइनबाट करिब दुई सय मेगावाट विद्युत् प्रवाह हुन सक्छ। खिम्ती-लामोसाँघु प्रसारणलाइन काठमाडौं उपत्यकामा विद्युत् आपूर्तिका लागि महत्त्वपूर्ण प्रसारणलाइन हो।

पर्यटन पवर्द्धनमा भाइबरले सघाउने

काठमाडौं/ नेपालको पर्यटन प्रवर्द्धनमा राकुटेन भाइबरले सघाउने भएको छ। बोर्डका कार्यकारी प्रमुख दीपकराज जोशी र राकुटेन भाइबरका लागि नेपालका देशीय प्रतिनिधि क्षितु रिसालले पर्यटन प्रवर्द्धनमा सघाउनेसम्बन्धी साझेदारीपत्रमा हस्ताक्षर गरेका छन्।

यस सम्झौताबाट बोर्डको आधिकारिक भाइबर प्लेटफर्म 'नेपालनाउ बाई एनटिबी'मार्फत नेपालको पर्यटन उद्योग, आन्तरिक पर्यटक र विश्वभर छरिएर बसेका नेपालीबिच पर्यटनका गतिविधि अद्यावधिकसहित प्रचारका लागि सहयोग पुग्ने अपेक्षा गरिएको छ। सो प्लेटफर्मलाई नेपालका विभिन्न पर्यटकीय गन्तव्य, उत्पादन, प्याकेज, गतिविधि र अनुभवका बारेमा नयाँ-नयाँ समाचार र अपडेटहरू आदान-प्रदान गर्न पनि प्रयोग गरिने भएको छ। यस्तै, पर्यटन प्रवर्द्धन अभियान र स्टिकर प्याकहरू पनि सञ्चालन गरिनेछ।

रंगेली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश,नेपाल

ई-बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०७/०९

यस रंगेली नगरपालिकाबाट मितिः २०८१/०५/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम स्याद भित्र दर्ता हुन आएका ई-बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहेको भनि मिति २०८१/०७/०६ गतेको मुल्याङकन समितिको निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागिआशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

सि.नं.	योजनाको नाम	बोलपत्रदाताको नाम	कबोल रकम रु. (मु.अ.कर सहित)
१	रंगेली अस्पताल र रंगेली नगरपालिकाको ९ वटै वडामा रहेका स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा वितरण गरिने औषधी सप्लाई गर्न, (ठेक्का नं. एन.सि.वि./ गुड्स/०४/०८१/८२)	लक्ष्मी श्री फार्मेसी, विराटनगर	१७७२०८५

प्रमुख प्रशासकिय अधिकृत

फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०७/१०)

यस कार्यालय बाट मिति २०८१/०५/१७ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये निम्न अनुसारको कार्यको लागि निम्नअनुसारको बोलपत्रको न्यूनतम मूल्याङकीत सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि.नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अकं (मु.अ.कर सहित)	कैफियत
1.	FRM/Sindhuli/Works/NCB/01/081-82	Bhalubhnajyang Gothedada Sadak Nirman Phikkal 1-6	U.K.B Construction Pvt. Ltd. Golanjor -07 Sindhuli	Rs.87,75,887.07	
2.	FRM/Sindhuli/Works/NCB/02/081-82	Nawalpur Chandibhanjyang Lift Khanepani Yojana Ward 02	Sudip Builders Pvt. Ltd. Phikkal-03,Sindhuli	Rs.51,02,824.00	

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाण्डौं

आधिकारिकताको प्रमाणपत्र सहित सूचीकृत हुने सूचना

सूचना प्रकाशित मितिः२०८१/०७/१०

यस अस्पतालमा आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार CT Scan Machine Tube खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३, संसोधन सहित को दफा ४१ को उपदफा १ तथा सार्वजनिक खरिद नियामवली २०६४ को नियम ८५(६) बमोजिम सोसँग सम्बन्धित आपूर्तीकर्ताहरुलाई कम्पनी/फर्महरुले संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, सम्बन्धित फर्म/कम्पनीको आधिकारीक प्रमाण पत्र,पछिल्लो आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित CT Scan Machine Tube का लागि तपशिलमा उल्लेखित ढाँचामा दररेट सहित पेश गर्न यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र अस्पतालको खरिद इकाइमा सूचीकृत हुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

S.N.	Particular	specification	Qty	Unit Price	Comment
1	CT Scan Machine Tube	GE CT Scan Optima CT660 X-RAY Tube	1		

निर्देशक

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १० कार्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

'पाटनको टोले गुन्डा भन्थे, साफमा स्वर्ण दिलाएँ'

सन् १९९९ मा काठमाडौंमा भएको आठौँ दक्षिण एसियाली खेलकुद (साफ)मा नेपालले ३१ स्वर्ण पदकसहित पहिलोपटक तालिकामा दोस्रो स्थान हासिल गरेको थियो । जुन प्रतियोगितामा डेब्यु गरेको करिँतेबाट मात्रै १४ स्वर्ण पदक प्राप्त भए । त्यही साफमा नेपालको तर्फबाट रवि महर्जनले पनि स्वर्ण पदक जित्न सफल भए । ५५ केजी तौलमा मात्र दुई फाइट खेलेका महर्जनले नेपालका लागि अन्तिम स्वर्ण पदक जिताएका हुन् । पाटनमा जन्मिएका उनलाई त्यसअघिसम्म समाजले टोले गुन्डा भन्थ्यो । जंगी स्वभावका उनले पाटन ४० ज्यापु समाजको इतिहासमा देशलाई पहिलो स्वर्ण पदक जिताउने कीर्तिमान बनाए । तर, खेलैरै खान र परिवार धान्न गाह्रो भएपछि दक्षिण कोरियामा १० वर्ष हराए । त्यहाँबाट फर्किएपछि व्यापार-व्यवसायमा लागे । हाल उनी करिँते महासंघको केन्द्रीय सदस्य छन् । महर्जनले २४ वर्षको उमेरमा आठौँ साफमा जितेको स्वर्ण पदकको स्मरण नयाँ पत्रिकाका **रमेश सुवेदी**लाई यसरी सुनाए :



छनोट खेलमा राष्ट्रिय च्याम्पियन

०४६ सालमा म १४ वर्षको हुँदा नै करिँते खेल सुरु गरेँ । पढाइ मेरो निकै कमजोर थियो । पाँच कक्षाबाट माथि पढिनँ । घरपरिवारबाट पढाइमा ध्यान दिन दबाब थियो । तर, मैले पढाइ छाडेर खेल्नमै केन्द्रित भएँ । रत्न महर्जन र जगतमाया महर्जनबाट चार दाजुभाइ र एक दिदी थियौँ । ११औँ सागमा भाइ विनोदले रजत पदक जितेको छ ।

मैले सन् १९९९ मा काठमाडौंमा आयोजना भएको आठौँ दक्षिण एसियाली खेलकुद (साफ)मा ५५ केजीमा प्रतिस्पर्धा गर्ने भएँ । करिँते साफमा डेब्यु गर्ने भएपछि ललितपुर हुँदै मध्यमाञ्चलबाट क्षेत्रीय छनोट खेलेको थिएँ । नेपालगन्जमा भएको चौथो राष्ट्रिय खेलकुदमा म पहिलो भएँ । त्यसपछि भएको क्लोज क्याम्पमा दुर्लभ कार्की, राम कार्की, नारायण तामाङ र मेरो प्रतिस्पर्धा हुने भएको थियो । एक महिनाको फरकमा छनोट खेल हुने गरेको थियो । अन्तिम छनोटमा राम कार्कीलाई हराएर म पहिलो भएँ । करिब एक महिनाभन्दा बढी क्लोज क्याम्पमा बसेका थियौँ ।

मलेसियामा एक महिनाको प्रशिक्षण

साफको तयारीका रूपमा हामीले एक महिना मलेसियामा विशेष प्रशिक्षणको अवसर पायौँ । त्यहाँ जापानलगायत एसियाका विश्वस्तरीय खेलाडीसँग प्रशिक्षण लिन पाएका थियौँ । उनीहरू नै विभिन्न प्रतियोगिता खेल्न आएका थिए । त्यस्ता खेलाडीसँग प्रशिक्षण पाउँदा निकै बलियो भएको महसुस भयो । मलेसियामा राम्रो एक्सपोजरसँगै प्रशिक्षणको अवसर पाएका थियौँ । वास्तवमै आठौँ साफको तयारीमा निकै राम्रो भएको थियो । अचेल साफअघि यस्ता प्रशिक्षण नै हुँदैनन् ।

मलेसियाको प्रशिक्षणले हामी सबै खेलाडीको आत्मविश्वास बलियो भयो । त्यहाँ एसियनस्तरका खेलाडीसँग गरेका अभ्यास र प्रतिस्पर्धाले हामी नेपाली खेलाडीले साफमा पदक जित्ने आशा पलायो । एसियालीस्तरका खेलाडीसँग खेलेपछि दक्षिण एसियाली खेलाडीसँग खेल्दा पदक आउँछ भन्ने आत्मविश्वास बढेको थियो ।

फर्किएलगत्तै खेल

मलेसियाको प्रशिक्षणबाट फर्किएलगत्तै दुई दिनमै साफ सुरु भएको थियो । त्रिपुरेश्वरको कभर्डहलमा जानुअघि नै पदकको आशा गरिएको थियो । हामीलाई न्युरोडको होटेलमा राखिएको थियो । सबै खेलाडीको हौसला प्रदान गर्न र उत्कृष्ट प्रदर्शनका लागि शुभकामना दिन युवराज दीपेन्द्र शाह हामी बसेको होटेलमा आउनुभएको थियो ।

न्युरोडबाट राखेपको कभर्डहलसम्मको यात्रा रमाइलो थियो । त्यहाँ समर्थन गर्ने धेरै थिए । त्यसपछि मलाई पदक जित्नुपर्ने दबाब महसुस भयो । मेरो खेल भने सबैभन्दा अन्तिममा थियो । मेरा गुरुहरू दावा गुरुङ र मीनकृष्ण महर्जनले एउटा पदक जित्नुपर्छ । जिन्दगी नै फरक चल्छ भन्नुभएको थियो । जसरी हुन्छ पदक जित्नुपर्छ भन्ने थियो ।



> मन बलियो बनाउँदै म्याटमा पुगेँ । जसरी पनि जित्छु भन्ने थियो । खेल सुरु भएपछि नै म पाकिस्तानी खेलाडीमाथि जाइलागेँ । निरन्तर आक्रमण गरिरहेँ । फलतः नतिजा मेरो पक्षमा ६-० ले आयो । बल्ल स्वर्ण जित्ने सपना पूरा भयो ।

पहिलो खेल नै भारतीय खेलाडीसँग

युवराज दीपेन्द्र सरकार पनि पदक आउँछ भनेर रंगशालामै आउनुभएको थियो । मेरा परिवार पनि आएका थिए । सबै गेटमा बसेका थिए । मैले आफन्त सबैलाई कभर्डहलमा छिराउन पाइसँ । तर, पछि अरूले छिर्न दिएछन् । राखेपको कभर्डहलभित्र प्रतिस्पर्धा गरिरहँदा युवराज दीपेन्द्रसँगै अन्य विशिष्ट व्यक्ति थिए । म्याटमै आएर हौसला बढाउनुभएको थियो । यो क्षण जिन्दगीमा बिर्सिँदिनँ । मेरो पहिलो खेल नै भारतका खेलाडीसँग थियो । उसको खेल कहिल्यै देखेको थिइनँ । मलाई जसरी हुन्छ, नम्बर ल्याउनुपर्छ भन्ने मात्रै थियो । मैले लगातार प्रहार गरेँ । भारतीय खेलाडीलाई एकोहोरो दबाबमा राखेर ६-० को जित निकाल्न सफल भएँ ।

पाकिस्तानी खेलाडीलाई हराउँदै स्वर्ण पदक जितेँ

मेरो फाइनलअघि नै साथीहरू दीपक श्रेष्ठ, गंगाराम महर्जन, प्रीति डंगोल सबैले स्वर्ण पदक जितिसकेका थिए । मलाई फाइनल कसरी खेल्ने र जित्ने भन्ने मात्रै थियो । मनमा यस्तै कुरा खेलिरहेका थिए । करिँतेले स्वर्ण पदक जित्ने सपना बोकेको थिएँ । मन बलियो बनाउँदै म्याटमा पुगेँ । जसरी पनि जित्छु भन्ने थियो । पाकिस्तानी खेलाडी पनि म्याटमा आयो । खेल सुरु भएपछि नै म ऊमाथि जाइलागेँ । निरन्तर आक्रमण गरिरहेँ । फलतः नतिजा मेरो पक्षमा ६-० ले आयो । बल्ल सपना पूरा भयो । समर्थन गर्न आएका मान्छेहरूको ताँतीले कभर्डहल नै भरिएको थियो । अनि मेरो सपना पूरा भयो भन्ने लाग्यो ।

जितेपछि सम्मान बढ्यो

मैले देशका लागि पदक जितेपछि पत्रपत्रिकामा पूरै छाएको थिएँ । जताततै मेरै चर्चा थियो । मलाई रवि महर्जन भन्दा पनि पाटन समाजले गोमय भनेर चिन्छन् । समाजमा मलाई घृणा गर्ने धेरै थिए । म पनि फरक खालको मान्छे । मलाई कसैले पनि मन पराउँदैनथे । बच्चैबाट हरामी मान्छे भएर पनि होला । २०-२२ वर्षको उमेरमा मलाई कसैले छुन सक्दैनथ्यो । वडामा मान्छे चुट्दै हिँड्ने स्वभाव थियो । मलाई छुँदा फोहोर लाग्छ कि जस्तो पनि गर्थे । मबाट अलि टाढा नै हुन चाहन्थे । टोले गुन्डा नै भन्थे ।

तर, जब मैले पदक जितेँ, सबैले सम्मान गरे । म पनि सुध्रिनुपर्छ भनेर सुध्रिनतर्फ लागेँ । जब मैले पदक जितेँ, च्याली नै निकाल्यो । पाटनमा ज्यापु समाजको ४० टोल छ । यहाँबाट अन्तर्राष्ट्रिय पदक जित्ने म भाग्यमानी खेलाडी पनि हुँ । जुन समाजले मलाई घृणा गर्थ्यो, अहिले धेरैले सम्मान गर्छन् । मैले त्यही समाजनका लागि कीर्तिमानी स्वर्ण पदक जिताएँ ।

घडेरी दिने घोषणा त भयो तर...

आठौँ साफ हुँदा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले पदक विजेता खेलाडीलाई घडेरी नै दिने घोषणा गर्नुभएको थियो । यदि घडेरी नभए स्वर्ण विजेता खेलाडीलाई चार आना जग्गा दिने घोषणा पनि भयो । तर, सरकारले बाचा पूरा गर्न सकेन । त्यसपछि खेलाडीलाई पाँच लाख दियो । सुरुमा राज्यले डेढ लाख दिने घोषणा गरेको थियो । विभिन्न संघ-संस्थाबाट गरी मैले १० लाखजति नगद पुरस्कार पाएँ ।

देश छाड्ने निर्णय गरेँ

पदक जितेपछि मेरो विवाह पनि भयो । बच्चा पनि भए । दुई छोरी छन् । मेरो तलब यहाँ २८ सय मात्रै थियो । तर, यसले घरपरिवार पाल्न निकै गाह्रो भयो । खानै नपुग्ने अवस्था आयो । दक्षिण कोरियामा करिँते च्याम्पियनसिप हुँदै थियो । मैले मीनकृष्ण (हाल बागमती प्रदेशका खेलकुदमन्त्री) दाइलाई विदेश जाने भनेँ । उहाँले हुँदैन भन्नुभयो । म कोरिया खेल्न गएका वेला उतै लुकिदिएँ । म भागेको भनेर मीनकृष्ण दाइ एक वर्ष बोल्नुभएन । बल्ल-बल्ल बोल्ने बनाएँ । खासमा नेपालमा बस्नै सकिनँ । जनयुद्धको समय थियो । माओवादीमा जान दबाब थियो ।

यसपछि कोरियामा बस्न सहज हुने सोचेर उतै बसिदिएँ । भविष्य सोचेँ । परिवारलाई सोचेँ । अनि १० वर्ष उतै बसेँ । त्यहाँ बस्दा पनि नेपाली खेलाडीलाई बोलाएर सम्मान गर्ने काम भएको थियो । फुटबलका पूर्वकप्तान राजुकाजी शाक्य, कीर्तिमानी धावक वेकुण्ठ मानन्धर, संगिना वैद्य, दीपक विष्ट धेरैलाई सम्मान गरियो । १० वर्ष बसेपछि स्वदेश फर्कने निर्णय लिएँ । अहिले कहिलेकाहीँ प्रशिक्षण गराउँछु । बिजनेस पनि गरेँ । अहिले करिँते महासंघकै सदस्य छु ।

खेल संक्षेप

असभसम्राट र शिभाली च्याम्पियन

काठमाडौं/ असभसम्राट हाडा र शिभाली गुरुङले चौथो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको उपाधि जितेका छन् । शुक्रबार सातदोबाटोस्थित नेपाल टेनिस संघको कोर्टमा भएको यू-१४ एकलमा असभसम्राट पुरुष तथा शिभाली महिलातर्फ च्याम्पियन भए । असभले फाइनलमा सांग्य रोकायालाई हराए । शिभालीले फाइनलमा मेरिशा थापालाई समान ६-० ले हराइन् । यू-९ उमेरसमूहको एकलमा भिराल अग्रवाल च्याम्पियन भए । ३५ वर्षमाथि एकलमा सन्तोष खत्री विजेता भए । उमेरसमूहको पुरुष युगलमा सन्तोष खत्री र सुवास बस्न्यातको जोडी च्याम्पियन भए । यो जोडीले फाइनलमा जितेन्द्र र इलम दीक्षितको जोडीलाई हराउँदै सफलता प्राप्त गरेका हुन् ।

सेमिफाइनल समीकरण पूरा

कास्की/ कास्की जिल्ला क्लबस्तरीय एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । कास्की जिल्ला क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताअन्तर्गत बिहीबारको खेल सकिएसँगै कास्की क्रिकेट क्लब, पोखरा क्रिकेट क्लब, अरण्यज्योति क्रिकेट क्लब र राइजिङ क्रिकेट क्लबले अन्तिम चारमा स्थान बनाएका हुन् । तीन टोली समूह विजेता बन्दै सेमिफाइनल प्रवेश गर्दा राइजिङ समूह चरणमा दोस्रो हुने टिममध्ये उत्कृष्ट हुँदै सेमिफाइनलमा प्रवेश गरेको हो । फाइनल प्रवेशका लागि पहिलो सेमिफाइनलमा कास्कीले राइजिङको र दोस्रोमा पोखराले अरण्यज्योतिको सामना गर्नेछ । समूह चरणको अन्तिम खेलमा अरण्यज्योतिले राइजिङलाई तीन विकेटले पराजित गरेको हो । खेलमा टस जितेर ब्याटिङ रोजेको राइजिङले ३६.१ ओभरमा सबै विकेट गुमाउँदै एक सय ५६ रन बनाएको थियो । एक सय ५७ रनको विजयी लक्ष्य पछ्याएको अरण्यज्योतिले ४४.४ ओभर खेल्दै सात विकेट गुमाएर एक सय ५७ रनको योगफल तयार गर्दै लक्ष्य पूरा गरेको थियो । १२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा कास्कीका नौवटा क्लबले सहभागिता जनाएका छन् ।

आइएसएफ जिम्नासाइड सुरु

काठमाडौं/ अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघ (आइएसएफ)को आयोजनामा आइएसएफ जिम्नासाइड समर गेम्स बहराइनको मानामा सुरु भएको छ । बहराइन नेसनल स्टेडियममा बिहीबार राति अबेर सम्पन्न उद्घाटन समारोहको मार्च पास्टमा बक्सिङ खेलाडी नोबु थेन्डुप लामाले नेपालको झन्डा बोकेका थिए । बहराइन जिम्नासाइडमा ६९ राष्ट्रबाट दुई हजार एक सय ७२ पुरुष तथा एकहजार पाँच सय ४२ महिला गरी कुल तीन हजार सात सय १४ खेलाडीको सहभागिता रहेको छ । नेपालबाट पाँच खेलमा ३२ खेलाडी सहभागी छन् । टेबलटेनिसमा नेपाल पराजित भएको छ । इसा स्पोर्टस् सिटीको हल 'बी'मा नेपालले महिला टिम इभेन्टमा दुई खेल खेलेको थियो । दुवैमा नेपाल चुक्यो । पहिलो खेलमा इंल्यान्डले नेपाललाई ४-३ ले पराजित गऱ्यो । अर्को खेलमा नेपाल अजरबैजानसँग ५-२ ले पछि पऱ्यो । बक्सिङमा युनिक राई पहिलो चरणमा पराजित भएका छन् ।

जोन्टी पोखरामा

काठमाडौं/ नेपाल प्रिमियर लिग (एनपिएल)को फ्रेन्चाइज टोली पोखरा एभेन्जर्सले दक्षिण अफ्रिकाका पूर्वखेलाडी जोन्टी रोड्सलाई सल्लाहकारका रूपमा अनुबन्ध गरेको छ । पोखराले रोड्ससँग तीन वर्षको सम्झौता गरेको छ । रोड्ससँग इन्डियन प्रिमियर लिगमा पन्जाब किंग्स, मुम्बई इन्डियन्स र लखनउ सुपर जायन्ट्ससँग काम गरेको अनुभव छ । रोड्सले पोखरासँग जोडिन पाउँदा खुसी लागेको बताए । रोड्सले केही वर्षअघि नेपालको राष्ट्रिय टिम र उमेर समूहको टोलीलाई पनि छोटो प्रशिक्षण दिएका थिए । पोखराको मार्की खेलाडीमा राष्ट्रिय क्रिकेट टोलीका ब्याटर कुशल भुर्तेल छन् । नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा एनपिएल मंसिर १५ देखि पुस ६ गतेसम्म हुँदै छ । नामिबियाका कप्तान गेर्हार्ड इरास्मसलाई फ्रेन्चाइज टोली काठमाडौं गुर्खाजले अनुबन्ध गरेको छ । काठमाडौंले सामाजिक सञ्जालमार्फत २९ वर्षीय अलराउन्डर इरास्मसलाई नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो विदेशी खेलाडीका रूपमा भित्र्याएको हो ।

आहा रारा पोखरा गोल्डकप माघमा

कास्कीमा रोहितराज पराजुली



मोफसलको बहुप्रतिष्ठित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरक्लब आहा रारा पोखरा गोल्डकपको २४औँ संस्करण आगामी माघ अन्तिम साताबाट सुरु हुने भएको छ । आयोजक क्लबका अध्यक्ष केशवराज बरालले प्रतियोगिताका लागि मिति मागेसँगै अखिल नेपाल फुटबल संघ (एन्फा)ले तालिका प्रकाशन गरी मिति उपलब्ध गराएको हो । 'खेलकुदको विकासमा सहकार्य गरौँ, पोखरालाई खेलकुद पर्यटन सहरका रूपमा स्थापित गरौँ' भन्ने उद्देश्यका साथ सहारा क्लब पोखराको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा हुने प्रतियोगिता २२ माघदेखि ३ फागुनसम्म हुने भएको हो ।

प्रतियोगितामा ए डिभिजनका क्लब, विभागीय टिमहरू, नेपाल सुपर लिगका टिम, मोफसलका टिम, आयोजक क्लबसँगै विदेशी टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताका विजेताले १२ लाख र उपविजेताले ६ लाख पुरस्कार पाउनेछन् । यसैगरी, सर्वोत्कृष्ट खेलाडीले स्कुटर पुरस्कार पाउँदा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट रक्षक, गोलकिपर, मिडफिल्डर, स्ट्राइगर र प्रशिक्षकले २५ हजार पाउनेछन् ।

प्रतियोगिता सञ्चालनका लागि पोखरा महानगरपालिका संरक्षक, लुम्बिनी विकास बैंक अफिसियल बैंक, बुद्ध एयर अफिसियल एयरलाइन्सका रूपमा रहेका छन् भने राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् गण्डकी, एन्फा, सहारा युके, सहारा क्लब हङकङ, सहारा क्लब अस्ट्रेलिया, जिल्ला खेलकुद विकास समिति कास्कीलगायतले सहयोग गर्नेछन् । सामाजिक सेवामा क्रियाशील क्लबले त्यसको अलावा २३ वर्षदेखि निरन्तर फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

पुलिस र मनाङले जिते ६-६ पटक उपाधि

प्रतियोगिताको २४औँ संस्करणसम्म आइपुग्दा विभागीय नेपाल प्रहरीको नेपाल पुलिस क्लब र ए डिभिजनको क्लब मनाङ-मर्स्याङ्दी क्लब सबैभन्दा धेरै उपाधि जित्ने सूचीमा छन् । २३औँ संस्करण सकिँदा दुवै टोलीले समान ६-६ पटक उपाधि हात पारेका छन् । यसैगरी, थ्रिस्टार क्लबले पाँच, संकटा क्लबले दुईपटक उपाधि उचाल्दा विभागीय नेपाली सेनाको त्रिभुवन आर्मी फुटबल क्लब, सशस्त्र प्रहरीको नेपाल एपिएफ क्लब, आयोजक सहारा क्लब र पाहुना टोली अफ्रिकन युनाइटेड क्लबले समान एक-एकपटक उपाधिमा आफ्नो नाम लेखाएका छन् ।

एकेडेमीमा चौथो ब्याचका ३० बालक

विगत २३ वर्षदेखि पोखरामा फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको क्लबले ०५८ सालदेखि फुटबल एकेडेमीसमेत सञ्चालन गरिरहेको छ । कठिन परिस्थिति र विपन्न वर्गका बालकहरू आश्रित पोखरा- १७, दोबिल्लास्थित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा हाल चौथो ब्याचका ३० जना बालक रहेका छन् । उनीहरूको आवास, पालनपोषणसँगै शिक्षा-दीक्षा, फुटबल प्रशिक्षणको काम क्लबले गर्दै आएको छ । प्रत्येक वर्ष प्रतियोगिताको सञ्चालनपछि प्राप्त हुने आम्दानी क्लबले एकेडेमी सञ्चालनका लागि खर्च गर्दै आएको क्लबका महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिए ।

मोफसलमा तय प्रतियोगिता

नाम	स्थान	मिति
बुढा सुब्बा गोल्डकप	धरान	१७ - २७ माघ ०८१
आहा रारा	पोखरा	२२ माघ - ३ फागुन ०८१
तिलोत्तमा गोल्डकप	बुटवल	१-१० फागुन ०८१
झापा गोल्डकप	झापा	७-१७ फागुन ०८१
केपी ओली कप	काठमाडौं	११-२० फागुन ०८१
विराट गोल्डकप	विराटनगर	२२ फागुन - २ चैत ०८१
सिमरा गोल्डकप	सिमरा	२२ फागुन - २ चैत ०८१

फ्रिडम फाइटर र ठमेल फाइनलमा



काठमाडौं/ फ्रिडम फाइटर र ठमेल टुरिजम डेभलपमेन्ट काउन्सिल भेट्रान्स फुटबल प्रतियोगिताको दोस्रो संस्करणको उपाधिका लागि भिड्ने भएका छन् । फुटबलर्स मिसन टुगेदरको आयोजनामा चलिरहेको प्रतियोगिताको सेमिफाइनल शुक्रबार मध्यपुर युथ एसोसिएसनको मैदानमा भएको थियो । पहिलो सेमिफाइनलमा फ्रिडम फाइटरले हाम्रो धरान भेट्रान टिमलाई २-० ले पराजित गऱ्यो ।

फ्रिडमका लागि विकर्ण श्रेष्ठ र तेजबहादुर गलामीले गोल गरेका थिए । दोस्रो सेमिफाइनलमा ठमेल टुरिजम डेभलपमेन्ट काउन्सिलले त्रिभुवन आर्मी फुटबल क्लबलाई २-० ले निराश बनायो । ठमेलका लागि भेषराज लिम्बू र अंकुर खड्गीले गोल गरेका हुन् । प्रतियोगिताको फाइनल आइतबार हुनेछ ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com